Study in
AUSTRALIA
Features:
-Well experienced counselors' guidance
-Wide range of choices of colleges/courses
-3 Years Bachelor's students meet us for options
-Fees range start with AUD 8000/year
-Apply to Category 1 & 2 Colleges/Uni
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
We are Approved & Certified by:
TOEFL

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily
○वर्ष ९ ○अंक २२ ○श्रेणी 'क' ○२०७३ कार्तिक १ गते सोमबार ○ 17 Oct. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।
जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

## नेपाल–भारत–चीनबीच छलफल



गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

नेपाल, भारत र चीन 'त्रिदेशीय रणनीतिक साझेदारी' निर्माण गर्न आपसमा सहमत भएको प्रधानमन्त्रीको सचिवालयले बताएको छ । भारतको गोवामा रहेका प्रधानमन्त्री प्रचण्डले शनिबार साँझ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङलाई एकैसाथमा राखेर 'त्रिदेशीय रणनीतिक साझेदारी' को प्रस्ताव राखेको प्रचण्डको सचिवालयले बताएको हो।

शनिबार साँझ प्रचण्डले चिनियाँ राष्ट्रपतिलाई भेटेका थिए । त्यसपछि आज आइतबार भारतीय प्रधानमन्त्री मोदी र प्रचण्डबीच भेट गर्ने कार्यसूची थियो । तर, कार्यसूचीमै नपरे पनि मोदीले शनिबार नै सी जिनपिङसहित प्रचण्डसँग त्रिपक्षीय छलफल गरेका छन् । यो छलफल नेपालको इतिहासमा कोशेढुंगा भएको प्रचण्डको दाबी छ । भेटमा प्रचण्डले दुई छिमेकीप्रति नेपालको समदुरीको सम्बन्ध रहेको र नेपालले भारत र चीनलाई जोड्ने पुलको काम गर्ने भन्दै त्रिदेशीय रणनीतिक साझेदारीको नयाँ प्रस्ताव अघि सारेका छन् ।

प्रधानमन्त्री प्रचण्ड, भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच ब्रिक्स र बिमिस्टेक देशहरुबीचको आउटरिच सम्मेलनको अघिल्लो दिन भेटवार्ता भएको प्रधानमन्त्री प्रचण्डको सचिवालयले जानकारी दिएको छ । प्रधानमन्त्री प्रचण्ड र चीनियाँ राष्ट्रपति सी जिनपिङबीच २० मिनेट 'वान टु वान' वार्तालगत्तै प्रधानमन्त्री प्रचण्ड, भारतीय प्रधानमन्त्री मोदी र चीनियाँ राष्ट्रपति पिङबीच त्रिपक्षीय भेटवार्ता भएको हो । भेटवार्तामा नेपालका प्रधानमन्त्री प्रचण्डले आफूले अघिल्लो कार्यकालमै नेपाल, भारत र चीनबीच त्रिदेशीय रणनीतिक साझेदारीको आवश्यकतामा जोड दिएकोबारे बैठकमा स्मरण गराए ।

'नेपाल, भारत र चीनबीच रणनीतिक साझेदारी आवश्यक रहेको विषयमा मैले स्मरण गराएँ', भेटपछि प्रधानमन्त्री प्रचण्डले भने, 'हामी विशाल छिमेकी भारत र चीनको बीचमा छौं । हामी दुई देशबीच डाइनामिक ब्रिज बनेर लाभ उठाउन चाहन्छौं । मैले भेटमा रणनीतिक साझेदारीबारे महत्व दिएर कुरा राखें ।'

प्रधानमन्त्री प्रचण्डले अगाडि भने-'भारतका प्रधानमन्त्री र चीनियाँ राष्ट्रपतिले रणनीतिक साझेदारीबारे नेपालले राखेको प्रस्ताव महत्वपूर्ण छ, हामी यसमा सहमत छौं भन्नुभयो ।'

प्रधानमन्त्री प्रचण्डले भने, 'नेपाल जसरी भारत र चीनको बीचमा छ, वार्ताका क्रममा पनि भारत र चीनका बीचमै नेपाल थियो । हाम्रो छलफल निकै सौहार्दपूर्ण रह्यो । नेपालले उठाएको रणनीतिक साझेदारीको प्रस्तावमा दुवै नेताहरुले उत्साहित भएर समर्थन गर्नुभएको छ ।'

भेटमा प्रधानमन्त्री प्रचण्डले बुद्ध, पशुपति र जानकीले नेपाल, भारत र चीनलाई जोडेको स्मरण गराएका थिए । आधुनिक इतिहासमा नेपालले भारत र चीनबीच सुमधुर सम्बन्ध बनाउन पुलको काम गर्न सक्ने प्रचण्डले दुबै देशहका सरकार प्रमुखहरुलाई बताए ।

प्रधानमन्त्री प्रचण्डले नेपालले आफ्नै मौलिक आयामसहित विकासको लक्ष्य पछ्याइरहेको भन्दै त्यसका लागि दुवै छिमेकीसँग सन्तुलित, मैत्रीपूर्ण र रणनीतिक सम्बन्ध स्थापित गर्न चाहेको मोदी र सीलाई स्मरण गराएका थिए ।

नेपालका प्रधानमन्त्री र चीनका राष्ट्रपतिको द्वीपक्षीय भेटपछि भएको यो त्रीपक्षीय वार्ताले नेपाल, भारत र चीनबीच युगीन सम्बन्ध स्थापित गर्न विशेष भूमिका खेल्न सक्ने प्रधानमन्त्री प्रचण्डले बताएका छन् ।

त्रिपक्षीय भेटका अवसरमा चिनियाँ राष्ट्रपति सीले देशको भूगोल सानो र ठूलो हुनुले निर्णायक अर्थ नराख्ने भन्दै नेपालले भारत र चीनबीच पुलको काम गर्न सक्ने बताएको प्रचण्डको निजी सचिवालयको भनाइ छ ।

सचिवालय स्रोतका अनुसार चिनियाँ राष्ट्रपति सीले नेपालबाट प्रस्तावित त्रिदेशीय साझेदारीको मुद्दा महत्वपूर्ण रहेको र यसमा चीन सकारात्मक रहेको बताएका थिए ।

सीले चीन र भारतबीचको सम्बन्ध समदुरीमा राख्न नेपालले खेलेको भूमिकाको प्रशंसा गर्दै आगामी दिनमा तीन देशको सम्बन्ध थप मजबुद हुने विश्वास व्यक्त गरेको प्रधानमन्त्रीको सचिवालयले बताएको छ ।

भेट वार्तामा भारतीय प्रधानमन्त्री मोदीले नेपाल, भारत र चीनबीच भौगोलिक, भावनात्मक एवं सांस्कृतिक मित्रता रहेको भेटमा बताए । सो अवसरमा मोदीले नेपालले प्रस्ताव गरेको त्रिदेशीय साझेदारीको प्रस्तावमा भारत पनि सकारात्मक रहेको जानकारी दिएको प्रचण्डको सचिवालयले दाबी गरेको छ ।

मोदीले त्रिपक्षीय भेटमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले चिनियाँ राष्ट्रपति सीको गाउँका दार्शनिक हान सुयान आफ्नो गाउँ गुजरात आएर चीनको ऐतिहासिक विशेषताको प्रचार गरेको तथा चीन फर्केपछि गुजरातको संस्कृति र रहन(सहनबारे चीनमा प्रचार गरेको स्मरण गरेका थिए । प्रचण्डले अगाडि सारेको त्रिदेशीय रणनीतिक साझेदारीको स्पष्ट खाका भने ल्याइएको छैन ।

## पातालेछाँगोमा अग्लो रेलिङ निर्माण




गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

गत बर्षको चैत्र २० गते पोखरा-१७ छोरेपाटन स्थित स्थल पातलेछाँगो (डेभिडफल्स) मा हामफालेर काभ्रेको वनेपा नगरपालिका ९ का ५६ वर्षीय जुजुकाजी शाक्यले ज्यान गुमाए । काभ्रेका धनाढ्य शाक्य आत्महत्याकै लागि काभ्रेदेखि काठमाडौं हुदै पोखराको पातलेछाँगो सम्म आइपुगेका थिए । गत बैंशाख १६ गते साझ पोखरा १७ बिरौटाका ४८ बर्षीय हितकाजी गुरुङले पनि आत्महत्याको थलो पातलेछाँगोलाई नै बनाए । छाँगोमा हामफालेका उनको शब भोलिपल्ट विहान फेला परेको थियो ।

त्यस्तै गएको साउन ६ गते पातलेछाँगोमै १७ बर्षदेखि कार्यरत कर्मचारी दिपेन्द्र पौडेलले छाँगोमै हामफालेर देह त्याग गरे । ५४ बर्षीय पौडेलले आत्महत्याको स्थल झण्डै दुई दशकदेखि आफैले काम गर्दै आएको थलोलाई बनाए । उनको पनि शब भोलिपल्ट फुस्रे खोलामा भेटियो । चार महिनाको बीचमा तीन जनाले छाँगोमा हामफालेर ज्यान गुमाएपछि पोखराको पर्यटकीय स्थल पातलेछाँगो (डेभिडफल्स) आत्महत्या गर्ने थलो (सुसाईड प्वाइट) को रुपमा चिनिन थाल्यो ।

छाँगो वरपर सुरक्षाको लागि लगाइएको फलामे वार होचो भएकै कारण नाँघेर थुप्रैले छाँगोमा हामफाले । विभिन्न कारणले जीन्दगीबाट विरत्तिएकाहरु छाँगो अबलोकनको वहानामा टिकट काटेर भित्र छिर्ने र मौका हेरेर बार नाघेर हामफाल्दा पर्यटकीय स्थलकै छवि धमिलिन थालेको थियो ।

पातलेछाँगो ब्यवस्थापनको जिम्मेवारी लिएको छोरेपाटन मावि ब्यवस्थापन समितिले अबलोकनकर्ताको सुरक्षा र संभावित घटनालाई लक्षित गरी साविकको फलामेबार हटाइ नयाँ बार लगाएको छ । पुरानो झण्डै साढे तीन फिटको फलामेबार हटाएर अहिले झण्डै साढे ६ फिटको बार लगाइएको हो । नयाँ बार लगाउन झण्डै साढे १० लाख रुपैया खर्च भएको भौतिक विकास तथा निर्माण उपसमिति संयोजक चित्रराज बरालले जानकारी दिए । 'पछिल्लो समय छाँगोमा हामफाल्ने नियतले भित्र पस्नेहरुको संख्या बढेपछि सुरक्षाको लागि पनि थप उचाइ सहितको नयाँ बार लगाइएको हो,' बरालले भने-'अब अबलोकनकर्ता पूर्ण सुरक्षित हुनेछन् ।' पुरानो बार बिस्थापित गरेर पूर्ण रुपमा मजबुद नयाँ फलामे जिआई पाइपको बार लगाइएको उनले बताए ।

पोखरा आउने पर्यटक मध्ये अधिकांश पातलेछ्यागो अवलोकनको लागि पुग्छन् । यो छ्यागोबाट हुने आम्दानी मध्ये छोरेपाटन मावि ब्यवस्थापनको लागि ६० र छाँगो ब्यवस्थापनको लागि ४० प्रतिशत छुट्याइएको छ ।

सन् १९६१ जुलाई ३१ म स्विस नागरिक डेभिडको छाँगोमा खसेर मृत्यु भएको थियो । उनको शव तीन दिन पछि फुस्रे खोलामा फेला परेको थियो । सोहि बेला देखि पातलेछ्यागोलाई डेभिडफल्सको नामबाट पनि चिनिन्छ। फेवातालबाट निस्किएको पानी यो छाँगोमा अकर्षक रुपमा खसेको दृष्य नियाल्न बार्षिक लाखौ पर्यटन आउछन् । पातलेछ्यागोबाट खसेको पानी गुप्तेश्वर गुफा भित्र छिरेर देख्न सकिन्छ । तर त्यस भन्दा तल भूमिगत भएको पानी फुस्रे खोलामा निस्किएको छ ।

## पूर्वाधार निर्माणमा लगानी बढाउँदै सामुदायिक वन

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

पर्यटकीय नगरी पोखराको नजिकै रहेर पनि राज्यको खासै ध्यान पुग्न नसकेकोकास्कीको एक सामुदायिक वन समूहले विगत लामो समयदेखि विकास निर्माणका कार्यमा आफूलाई समर्पण गर्दै आएको छ । लेखनाथ नगरपालिका-१८ स्थित सित्तुम कस्यारी तथा सिम्सार पातलेस्वारा जुकेपानी सामुदायिक वन उपभोक्ता समूहले वनको आम्दानीबाट यस क्षेत्रमा विकास निर्माणका कार्यमा लगानी गरेर संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्दै आएको हो । वन पैदावार बिक्रीबाट भएको आम्दानीलाई शिक्षा, खानेपानी, बाटो लगायतका विभिन्न भौतिक पूर्वाधार निर्माणमा लगानी गर्दै आएको समूहका अध्यक्ष हरिप्रसाद गोर्खालीले जानकारी दिए ।

उनका अनुसार समूहले वनको संरक्षण, संवर्द्धन र उपयोगका साथै यस आर्थिक वर्षमा वन समूहसँग सम्बन्धित १० वटा विभिन्न संघ-संस्थालाई १५ हजारका दरले एक लाख ५० हजार नगद आर्थिक सहयोग प्रदान गरेको छ । सो वन २०५९ सालमा गणेशमान सामुदायिक वन तेस्रो पुरस्कारबाट पुरस्कृत भइसकेको छ ।

सामुदायिक वनको आम्दानी मध्येबाट सो क्षेत्रको विकास निर्माणका साथै समूहमा आबद्ध विपन्न वर्गको उत्थानका लागि विभिन्न उत्पादमूलक कार्यक्रम सञ्चालन गर्न पाँच लाखभन्दा बढी लगानी गरेको सचिव ओमप्रसाद भण्डारी बताउछन् । कुल एक सय ५० हेक्टर क्षेत्रफलमा फैलिएको उक्त सामुदायिक वन समूहलाई ६ वटा ब्लकमा विभाजन गरी दैनिक पाँच जनाका दरले घर लौरो गरेर संरक्षण गर्दै आएको सहकोषाध्यक्ष रामकान्त आचार्य बताउछन् । पन्चान्नब्बे हेक्टरमा सालधारी रहेको उक्त वनमा एक सय ८५ घरधुरी उपभोक्ता रहेका छन् ।

आन्तरिक र बाह्य अतिक्रमणका कारण वन खोरिया फाँडेजस्तै गरी उजाड भएपछि २०४२ सालदेखि स्थानीयवासीको सक्रियतामा उक्त वनको संरक्षण सुरु गरिएको हो ।

जिल्ला वन कार्यालय कास्कीद्वारा २०४८ सालमा त्यसलाई स्थानीय समूहमा हस्तान्तरण गरिएको हो । अर्का पूर्वअध्यक्ष चन्द्रकान्त आचार्यका अनुसार कठिन अवस्थामा पनि स्थानीय बासिन्दाले खाइनखाई संरक्षण गरेको सामुदायिक वनको आम्दानीले यतिखेर यस क्षेत्रको विकासमा सहयोगी बन्न सकेको बताए । वन हराभरा भएपछि चितुवा, बाँदर जस्ता जङ्गली जनावरले दु:खसमेत दिन थालेका छन् । व्यवस्थापिका-संसद विकास समितिका सभापति रवीन्द्र अधिकारीले उक्त सामुदायिक वनको रजत महोत्सव समारोहको उद्घाटन समारोहमा समाजका ज्येष्ठ नागरिक बैकुण्ठनाथ उपाध्याय, पार्वती आचार्य र धनञ्जय आचार्यलाई दोसल्ला ओढाएर सम्मान गरे । मुलुकको सामाजिक एवम् भौतिक विकास निर्माणका साथै वातावरण संरक्षणमा सामुदायिक वनले उल्लेख्य भूमिका निर्वाह गर्दै आएको बताउँदै उक्त वन समूहका उपभोक्तासमेत रहेका अधिकारी भन्छन्-'समृद्धिका लागि वन पैदावारमा आधारित उद्योग सञ्चालन अपरिहार्य छ ।' विश्वको सर्वोच्च शिखर सगरमाथा र शान्तिका महानायक गौतम बुद्धको देशका रुपमा चिनिएको नेपाल पछिल्लो समयमा सामुदायिक वनको देशका रुपमा परिचित भए पनि राज्यका तर्फबाट उचित ध्यान पुग्न नसकेको सामुदायिक वन उपभोक्ता महासङ्घ कास्कीका अध्यक्ष कालीदास सुवेदी बताछन् ।

प्राकृतिक एवं सांस्कृतिक महत्व बोकेको सो क्षेत्रका बारेमा प्रचारप्रसार गरी आन्तरिक एवं बाह्य पर्यटक प्रवर्द्धन गर्नुपर्ने क्षेत्रीय वन निर्देशक धनञ्जय पौडेलको धारणा रहेको छ । जिल्ला वन कार्यालयले कास्की जिल्लामा चार सय ८५ सामुदायिक वन प्रक्रिया मिलाएर समूहलाई हस्तान्तरण गरिसकेको छ । सुशासन, आर्थिक पारदर्शिता र समानुपातिक वितरणका आधारमा यस वनलाई भने बैज्ञानिक वनका रुपमा विकास गर्न लागिएको छ ।

## ट्रेकिङलाई नयाँ ढंगले संचालन गर्न धम्पुस घोषणापत्र

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

अन्नपूर्ण क्षेत्रमा रहेको ट्रेकिङ रुटको प्रवर्द्धनका लागि १० बुंदे पर्यटन प्रवर्द्धन धम्पुस घोषणापत्र जारी भएको छ । गैर आवासीय नेपाली संघ र सेन्चुरी पर्यटन ब्यवसायी समितिले अन्नपूर्ण क्षेत्र अन्तर्गत पर्ने धम्पुस, छोम्रुङ हुँदै माछापुच्छ्रे आधार शिविर पुग्ने ट्रेकिङलाई नयाँ ढंगले सञ्चालन गर्नका लागि धम्पुस घोषणा पत्र जारी गरेको हो । गैर आवासीय नेपाली संघका वरिष्ठ उपाध्यक्ष भवन भट्ट, सेन्चुरी पर्यटन ब्यवसायी समितिका अध्यक्ष दलबहादुर गुरुङ, पूर्व वन तथा भू-संरक्षण मन्त्री किरण गुरुङ, संसद विकास समितिका सभापति रविन्द्र अधिकारी र सांसद सीता गिरी ओलीद्वारा हस्ताक्षरित घोषणापत्र जारी गरिएको हो ।

घोषणा पत्रमा अन्नपूर्ण क्षेत्रको ट्रेकिङ रुटको प्रवर्द्धनका लागि गैर आवासीय नेपाली संघ र सेन्चुरी पर्यटन ब्यवसायी समितिले संयुक्त रुपमा काम गर्ने, अन्नपूर्ण क्षेत्रमा पर्ने जैविक विविधताको संरक्षण र सम्बर्द्धनमा दुवै संस्थाले संयुक्त रुपमा काम गर्दै धम्पुस, छोम्रुङ हुँदै जाने ट्रेकिङलाई गैर आवासीय नेपाली संघ र सेन्चुरी पर्यटन ब्यवसायी समितिले आफ्नै ब्राण्डको रुपमा नाम दिएर अगाडि बढ्ने उल्लेख गरिएको छ ।

अन्नपूर्ण क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरलाई मध्येनजर गर्दै त्यसको असरलाई न्युनिकरणसहित यसको बारेमा आम पर्यटकलाई जानकारी दिंदै पर्यटन



प्रवर्द्धन गर्ने घोषणा पत्रमा उल्लेख गरिएको छ । अन्नपूर्ण क्षेत्रमा ग्रामीण पर्यटकलाई आकर्षित गरी ग्रामीण भेगमा उत्पादन हुने बस्तुहरुको प्रवर्द्धन गरी अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार गरी बाहृय पर्यटक भित्र्याउन पहल गर्ने, एन आर एन जापान र धम्पुस गाउँबीच सहकार्य गरी धम्पुस गाउँमा उत्पादन हुने स्थानीय सामाग्रीलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने घोषणा पत्रका उल्लेख गरिएको छ । अन्नपूर्ण क्षेत्रमा बोटानिकल गार्डेन र जियोलोजिकल गार्डेन निर्माण गर्ने, गैर आवासीय नेपाली संघ र नेपाली राजदूतावासको सहकार्यमा अन्नपूर्ण क्षेत्रको बारेमा अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार गर्ने, बायो डाइभर्सिटी र हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरको बारेमा अध्ययन अनुसन्धानका लागि अन्नपूर्ण क्षेत्रलाई अगाडि बढाउने र एन आर एनले विदेशमा रहेका एनआरएनले प्रति ब्यक्ति ३ जना पर्यटकलाई नेपाल घुम्नका लागि आहृवान गरी अतिथि देवो भव: अभियान सञ्चालन गर्ने उल्लेख गरिएको छ ।

घोषणा पत्र जारी गर्नुअघि भएको भेलालाई सम्बोधन गर्दै पूर्व वन तथा भू-संरक्षण मन्त्री किरण गुरुङले गैरआवासीय नेपाली संघले अन्नपूर्ण संरक्षण क्षेत्रमा देखाएको चासोको प्रशंसा गर्दै आगामी दिनमा त्यसको संरक्षणका लागि राज्यले सहयोग गर्नुपर्नेमा जोड दिए । अन्नपूर्ण क्षेत्रको ट्रेकिङ रुटमा बाहृय पर्यटक भित्र्याउनका लागि गैर आवासीय नेपाली संघको मुख्य भूमिका रहने भएकाले गैर आवासीय नेपाली संघले यसको बारेमा ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

संसद विकास समितिका सभापति रबिन्द्र अधिकारीले अन्नपूर्ण क्षेत्र नेपालको पर्यटनको मुख्य आधार केन्द्रको रुपमा रहेको भन्दै यसको प्रवर्द्धनमा गैर आवासीय नेपाली संघले चालेको कदम सहानीय रहेको बताए । यसले आगामी दिनमा अन्नपूर्ण क्षेत्र र त्यसमा पनि पैदलमार्गमा हिड्न रुचाउने पर्यटकका लागि थप उर्जा प्रदान गर्ने उनले स्पष्ट पारे ।

गैरआवासीय नेपाली संघका बरिष्ठ उपाध्यक्ष भुवन भट्टले अन्नपूर्ण क्षेत्रमा रहेको ट्रेकिङको प्रवर्द्धनका लागि एन आर एन र सेन्चुरी पर्यटन ब्यवसायी समितिले जारी गरेको धम्पुस घोषणा पत्र कोषेढुंगा सावित हुने विश्वास व्यक्त गरे । उनले अहिले नेपालमा बाहृय पर्यटकहरु ट्रेकिङका लागि आउने गरेको र त्यसको बसाइ लम्ब्याउनका लागि विभिन्न पर्यटकीय गतिविधिहरु आवश्यक रहेकाले एन आर एन र सेन्चुरी पर्यटन ब्यवसायी समितिले यसको वारेमा सहकार्य गरेर अगाडि बढ्ने बताए ।

सेन्चुरी पर्यटन ब्यवसायी समितिका अध्यक्ष दलबहादुर गुरुङले अन्नपूर्ण क्षेत्रमा एन आर एनले गर्न लागेको सहकार्यले पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने बताए । अन्नपूर्ण क्षेत्र मात्र नभइ आगामी दिनमा नेपालको पर्यटनको क्षेत्रमा एन आरएनको सहयोगले उपलब्धि हासिल गर्न सक्ने उनको भनाइ थियो ।

प्लाष्टिक झोलाको विकल्प,
कागज कपडाको संकल्प ।
प्लाष्टिक झोलाको सट्टामा
मासु बेचौं बट्टामा ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

■ कमाएर दाम जो भन्छ आफ्नै खाल्डो ऊ खन्छ ।

- *बालकृष्ण सम*

## सम्पादकीय ...

# जनतालाई सास्ती नदेउ

नागरिकको विश्वास राज्यको सबैभन्दा ठूलो शक्ति हो । शासकहरू भने बन्दुकलाई राज्यको शक्ति ठान्छन् र निहत्था नागरिकलाई हेप्छन् । लोकतन्त्रमा सार्वभौम जनता सर्वोपरी हुन्छन् । तर, जनताले सितिमिति सर्वोपरि शक्ति प्रयोग गर्दैनन् । यसैले शासकहरूले सधैं नै जनतालाई हेप्दै आएका छन् । नेपालमा शासन प्रणाली छोटो समयमा धेरैपटक परिवर्तन भएको भए पनि शासकहरूको मनोवृत्ति बदलिएन । यसैले जनतालाई हेर्ने सरकारी दृष्टिकोण परम्परागत छ र व्यवहार पनि मध्ययुगीन शैलीमै गरिन्छ । दसैंका बेलामा नेपाली जनतासँग सरकारले गरेको व्यवहार यसको सबैभन्दा पछिल्लो उदाहरण हो । सरकारले दसैंमा दैनिक उपभोगका वस्तुको भाउ बढ्न नदिने वाचा गरेको थियो । यस्तै आवागमनको सहज र सुरक्षित व्यवस्था मिलाउने वचन दिएको थियो । शान्तिसुरक्षा कायम राख्ने प्रतिबद्धता प्रकट गरेको थियो । निर्माणाधीन सडक तत्काल सुधार गरेर कम्तीमा दसैंभर सवारी सहजरूपमा सञ्चालन गराउने आश्वासन दिएको थियो । सार्वजनिक सवारीको भाडा बढाउन नदिने पनि अठोट सरकारले गरेको थियो । तर, भयो के ? महँगी बढ्ने वा नबढ्ने सबै बजारको निगाहमा रह्यो । अभाव भएका सामानको भाउ बजारले बढायो । सरकारी अनुगमन अर्थहीन भयो । सार्वजनिक सवारी न पर्याप्त संख्यामा चलाइए न जनताले नियमित भाडा तिरेर आउन जानै पाए । सडकको अवस्थाका बारेमा त सायद कसैले गुनासो पनि गरेनन् । यसैगरी सार्वजनिक यातायात 'भगवान भरोसा'मा चलेको थियो । सडकमा सुरक्षा र सुविधा त सपनाकै विषय भएका छन् । समग्रमा दसैंका अवसरमा सरकारले भनेका मध्ये शान्ति सुरक्षाको अवस्थामा गुनासो गर्नुपर्ने नभए पनि अरू कुनै पनि कुरा पुगेनन् । अर्थात्, सरकारको घोषणा हावादारी गफ सिद्ध भयो । राज्यले नागरिकको विश्वास अझै गुमायो । नेपाली जनताको ठूलो संख्या अपढ होला तर अबुझ छैन । अबुझ त शासकहरू छन् जो जनतालाई सजिलै झुक्याउन सकिन्छ भन्ने ठान्छन् । नपुग्ने र नसक्ने गुड्डी नहाँकेको भए कम्तीमा राज्यप्रति जनताको विश्वासमा थप स्खलन त हुने थिएन । राज्यको साख बिगारेर आफूलाई फाइदा भएको ठान्ने शासकहरूको 'कालीदास प्रवृत्ति' हो । राजनीतिक नेतृत्वको नियत सफा थियो र ढंगमात्र नपुगेको हो वा कर्मचारीतन्त्रले असहयोग गरेका कारण वचन पालना नभएको हो भने त्यसको राम्ररी समीक्षा गरेर पाठ सिक्नुपर्छ र त्यही गल्ती दोहोरिन दिनु हुँदैन । जनतालाई मूर्ख ठानेर सरकारले गरेको अर्को गल्ती सस्तो लोकप्रियताका लागि नपुग्ने धक्कु लगाउनु पनि हो । बजारमा राज्यले मूल्य नियन्त्रण गर्न सक्तैन । दुईचारवटा सस्तो पसल खोलेर महानगरका जनतालाई दैनिक उपभोगका वस्तु आपूर्ति हुन्छ भन्ने ठान्नु नै मूर्खता हो । यस्तो नपुग्ने वचन दिनुको साटो सरकारले वस्तुको गुणस्तरको अनुगमनमा ध्यान केन्द्रित गरेको भए साख यति गिर्ने थिएन । यसैगरी सार्वजनिक यातायातमा उपस्थिति शून्यप्राय: भएको सरकारले सिन्डिकेटको नियन्त्रणमा रहेको सेवा सहज र सुलभ बनाउन सम्भव थिएन । यातायात समितिका नाममा सार्वजनिक सडकमा कब्जा जमाउने गिरोहले राजनीतिक संरक्षण पाएकाले सरकारका यस्ता फरमान, उर्दी केहीलाई पनि तिनले टेर्दैनन् । सार्वजनिक यातायात सेवामा दह्रो उपस्थिति र सिन्डिकेट ध्वस्त गर्ने प्रतिबद्धता विना सरकारले यस क्षेत्रमा पनि केही गर्न सक्तैन । यसैले 'कालीदास प्रवृत्ति' दोहोऱ्याएर राज्यलाई कमजोर बनाउने अन्तर्ध्वंशी नियत नभए सरकारले यसपटकको विफलताको गम्भीर समीक्षा गरेर गल्ती सच्याउनुपर्छ । गफै त जति दिए पनि हुन्छ तर सत्ताबाट हटेका दिन गफहरूका लागि पनि पछुताउनुपर्छ ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल कार्तिक १ गते सोमबार, तदनुसार अक्टुवर १७ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३६, सौम्यनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार कार्तिककृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिककृष्णपक्षको प्रतिपदा तिथि ४ घटि ४० पला अर्थात बिहानमा ७ बजेर ५८ मिनेटसम्म त्यसउप्रान्त द्वितीय तिथि लाग्नेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा मेष राशिमा अहोरात्र रहनेछ। आज दिनमान २८ घटि ३३ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ०६ मिनेटमा मैत्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ३१ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा बृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ ।

**वृष** : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन ।

**मिथुन** : टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ ।

**कर्कट** : व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ ।

**सिंह** : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

**कन्या** : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला ।

**तुला** : परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ ।

**वृश्चिक** : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला ।

**धनु** : आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ ।

**मकर** : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ ।

**कुम्भ** : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।

**मीन** : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# हाम्रो कुरा मिल्यो !



कलाधर आचार्य

(आफ्नो ज्यानको बाजी राखी बाह्य शक्तिको इशारामा नाचेर, देशको नभई उनीहरुको हित र भलो हुने कार्य गर्ने शर्तमा प्रधानमन्त्री बन्न पुगेका प्रचण्ड बाबु देश विखण्डन गर्नेतर्फ अग्रसर भई काम गरिरहेका र भ्रष्टचारको अभियोग लागेका कार्कीलाई कार्बाही नगर्ने अनि माओवादीको श्रम शिविरमा भएको घोटालामा पनि कार्बाही नहुने शर्तमा यसरी कुरा मिल्यो ।)

के कुरा मिल्यो थाहा हुँदैछ, प्रचण्ड बाबुले गुरुको (मोदी) मन्त्र सुनेर, अनि तिनै प्रचण्डका गुरुले आफ्नै गुरु (वाराक ओवामा) बाट मन्त्र लिएर डर, धाक, धम्की, त्रास देखाई बल, शक्ति प्रयोग गरेर आर्थिक प्रलोभनमा समेत पारेर संविधान संशोधनका लागि चाहिने नपुग संख्या एमाले पार्टी फुट्याएर, चल, खेल गरी मधेशी मोर्चा र भारतको पक्षमा हित हुने गरी संविधान संशोधनमार्फत कार्यान्वयन गरी, गराई देशलाई विखण्डन तर्फ लान लागी परिरहेको व्यहोरा यथार्थ छर्लङ्ग देखिन्छ र सबैलाई अवगत नै छ । अन्यथा संसदको सुनुवाई समितिमा कार्वाहीका लागि पेश भइरहेको र छलफल हुन बाँकी लोकमान सिंहको मुद्धालाई वेवास्ता गरी अझै सर्वोच्चमा समेत मुद्धा जायर भै फाइल झिकाउँदा फाइल नै गायब गराई भूकम्पको कारणबाट सारिने क्रममा यता, उता, कता पऱ्यो भनि बहाना पारी फाईल उपलब्ध नगराएको र पटक-पटक ताकेता गरिरहँदा अपुरो कागजात भएको फाइल उपलब्ध गराएको र सक्कली फाइल त सरोकारवाला हरुको मिलोमतोमा लुकाई प्राप्त हुन नसकेपछि, सर्वोच्चबाट सामान्य प्रशासन मन्त्रालयलाई पुन: ताकेता गरी तत्कालीन समयमा उनले स्पष्टीकरणसहित पेश गरेको फाइल अविलम्व पठाउनु, अन्यथा कार्वाही गरिने जानकारी गराई सकेपछि कार्कीलाई भ्रष्टाचार गरेको अभियोगमा सफाई दिने सम्झौता गरी सोही नियत राखी यही शर्तमा माओवादी शिविरमा भएको घोटालाको कार्वाही छानविन नगरिने सहमति । यसरी संसद चलिरहेको अवस्थामा संसद जस्तो गरिमामय र देशको उच्च निकाय जस्तो स्थानमा मिति २०७३/०६/०९ गते बेलुका ७ बजेको एभिन्यूज खवरमा कुनै कार्यक्रमको समारोहमा यसरी वर्वराई-वर्वराई बोल्नुको तात्पर्य के हो ? "हाम्रो कुरा मिल्यो" भन्न समेत पछि नपर्ने दुईजिब्रे व्यक्तिको के कुरा गरौ र, देश भित्र एउटा कुरा, विदेश तिर अर्कै कुरा "हात्तिको देखाउने र खाने दात" फरक-फरक हुन्छ जस्तो गर्नु के उनको नैतिकता र राजनीतिक चरित्र यही नै हो त ?

संसदको मर्यादालाई ख्याल नै नगरी, अनि सम्मानित सर्वोच्च अदालतको मर्यादालाई लात हानेर किन, कहाँ, कतातिर भौतारिदै छन्, कुरा त देशवासीहरुको पक्ष र हितमा हुनु पर्‍यो, भूकम्पपीडित, वाढीपीडित, सुकुम्वासी र सर्वसाधारण नेपाली जनताहरुको हितमा हुन, गर्न पर्‍यो । नकि विदेशी वा परदेशी तत्वसँग मिली मधेसी मोर्चाको वहानामा भारतले जे-जे भन्छ, त्यसरी नै उसकै पक्षमा संविधान कार्यान्वयन र संशोधन गरी, गराई, कतै विदेशी शक्ति व्यक्तिहरु यहाँको उच्च, उच्च पदमा पदासिन गराउने षड्यन्त्र रचि उनीहरुकै शासनमा देश चल्ने, चलाउने अनि हामी स्वाभिमानी नेपालीहरुलाई विदेशीको ईशारामा नचाई दास बनाउने दुष्प्रयास त गरीरहेको होईन, यदी त्यसो हो भने यो दिवा सपना नदेखे र कल्पना सम्म पनि नगरे हुन्छ । यस्तो भयो भने उनीको पनि खैरियत छैन । उनलाई अहिले यो प्रधानमन्त्रीको पद घांडो भैरहेको छ "खाउ भने कान्छा बुवाको अनुहार नखाउ भने जीवन भरको शिकार" कारण देशको हितलाई ख्याल राखेर काम गरुँ कि छिमेकीको ।

यसरी २०७४ माघसम्म वाँडीचुडी भागबण्डा गरेर खाने क्रममा दुवै जनाहरुलाई रातको निन्द्रा न दिनको भोक भएको छ । स्वयं आफूले आफ्नो शरीर जोखिममा पारिरहेका छन् र बन्चरोले आफ्नै खुट्टामा हिर्काई रहेका छन् । हाम्रो देशका सुरक्षा निकायहरु सेना समेतका बन्दुकमा प्लाष्टिकको गोली छन् कि साच्चैका, यदि साच्चैका भए देश हित विपरीत काम गर्ने जोसुकैलाई पनि सद्दाम हुसेनलाई झै कार्वाही गरेमा के नै फरक पर्ला र ? मातृभूमि आमाको अस्तित्व र देशको सार्वभौम सत्ता वचाई राख्न यो भन्दा अर्को विकल्प नै छैन । विदेशी शक्तिबाट परिचालित भै खड्क ओलीलाई हटाई भारतको ईशारामा प्रधानमन्त्री बनाईएका प्रचण्डलाई हाम्रो हित अनुरुपको कार्य गरेनौ भने तिम्रो पनि खैरियत छैन भनि धम्की आएको कुरा त मिति २०७३/०६/१० अन्नपूर्ण पोष्टमा फिजीकि सिक्किम भनि युवराज गौतमजीको प्रकाशित लेख र ने.म.कि.पा. का नेता नारायणमान विजुक्छेको भनाईबाट स्पष्ट झल्किरहेको छ ।

कुरा यो पनि स्पष्ट भयो कि उसको ईशारामा नचल्दा मदन भण्डारीको हत्या भएको रहेछ । त्यस्तै स्वाभिमानी स्व. राजा महेन्द्रलाई पटक-पटक धम्की दिई ईशारामा नचल्दा मार्ने दुष्प्रयास गरिएको र यही कारणबाट हृदयघात भै उनको मृत्यु भएको पाईयो । अनि देशप्रेमी, जनता प्रेमी र मातृभूमिप्रति सदा सर्वदा माया, ममता गर्ने स्व.राजा विरेन्द्रको त वंश नाश नै गराईयो, यस्ता-यस्ता जघन्य अपराधहरुको चक्रव्यूह रच्नेलाई के को संज्ञा दिउँ र छिमेकी भन्न पनि लाज लाग्ने ।

प्रसंग थोरै बदलौं, डा. गोविन्द के.सी.का माग नाजायज थिए भने किन पूरा गर्छौं भनेर पटक-पटक आश्वासन मात्र दिने ? पूरा नगर्ने, यदि जायज थिए भने त तोकिएकै समयमा पूरा गर्नु पर्‍यो नि । २०६२/०६३ को आन्दोलनमा सो आन्दोलन दवाउन महत्वपूर्ण भूमिका खेल्ने लोकमानसिंह कार्की, लोकतन्त्र आईसकेपछि साना-साना भ्रष्टाचारहरु अरुहरुलाई गर्न दिने र ठूला-ठूला भ्रष्टाचार, आफै गर्ने, कार्वाही साना माथि, ठूलालाई छुट यस्ता व्यक्ति अख्तियार प्रमुख हुने, कसले के स्वार्थले अख्तियार प्रमुखमा नियुक्ति गर्‍यो ? दु:खलाग्दो विषय यही छ । यस्ताहरुलाई त कानूनको दायरामा ल्याई हदसम्मको कार्वाही हुन पर्‍यो । हुन त यो राम राज्यको मुलुक यहाँ के नै ऐन कानून, नियम, संविधान नै छ र कसले कसलाई कार्वाही गर्ने ? प्रकृतिक नियमको सिद्धान्त अनुसार कार्वाही गर्न अत्यावश्यक छ । पढ्दा, सुन्दा पनि लाज, घिन लाग्ने टिकापुर हत्या प्रकरणका मुख्य नाईके रेशम चौधरी मस्ट वान्टेड व्यक्तिको सूचीमा छन् । भारत भ्रमणको शिलशिलामा नयाँ दिल्ली स्थित होटल ताज प्यालेसमा स्वयं प्रचण्ड वावु उनीसँग सटया सुटु वार्ता गर्दै थिए । तत्कालीन समयको सुरक्षा निकायको प्रतिवेदनमा हदैसम्मको कार्वाही गरिन पर्ने राय व्यक्त भएको छ, । तर उसको संरक्षण भारतबाट नै भैरहेको छ, पालन-पोषण पनि । पुलिस, प्रशासन अभियुक्तको खोजीमा छन् तर प्रधानमन्त्री कसुरदार व्यक्तिलाई नै भेट गरी खुराक दिन्छन् । भारतीय व्यवसायीहरुले आयोजना गरेको कार्यक्रममा उच्च सुरक्षा घेरा तोड्दै पार गरी प्रचण्डसँग हात मिलाउने र कुराकानी गर्ने कस्ता अभियुक्त रहेछन् त यी रमेश चौधरी । यी विरुद्ध लागेका सम्पूर्ण मुद्धाहरु फिर्ता लिई दिन पनि दिल्लीमा छलफल भएको थियो र नेपाल सरकार पनि सकारात्मक सोच, विचारमा छ, । यसरी अभियुक्त भेट भैसकेपछि पुलिस प्रशासनको सहयोगमा पक्राउ गरी कार्वाही अगाडि बढाउनु पर्ने ठाउँमा स्वयं प्रधानमन्त्रीसँग नै भेटघाट गरी हात मिलाई स्वागत गरिने व्यक्ति माथि के को कार्वाही ? "जसको बाबु मरयो उसकै छोरा टुहुरो" लौ अब हजुरहरु ईमान्दारी पूर्वक छातीमा हात राखेर भन्नुस यहाँ के को नियम कानून र संविधान छ ? बलियोको कुन्नी के हतियार भने जस्तो मात्रै हो । अब जाँदा-जाँदै नजिकिँदै गरेको दिपावली र छट पर्व, इद-२०७३ को शुभ मुहूर्तमा सम्पूर्ण देश, विदेश स्थित नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा मंगलमय शुभकामना टर्क्याउँदै बुद्धि फिर्न बाँकी रहेकाहरुको पनि श्री लक्ष्मी माताको आर्थिवादले सतबुद्धि र चेतना आवोस भन्ने कामना व्यक्त गर्दछु ।

# मधेशको यथार्थलाई राज्यले आत्मसात गर्न जरूरी

उपेन्द्र झा

भू-परिवेष्ठित राज्यको भारतसँग सीमा जोडिएको पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मको समथर भूभाग मधेश हो । यसमा आदिवासीको पहिचान लिएर बसोवास गर्ने मधेशी, जनजाती, थारू, मुस्लिम, दलित, अल्पसंख्यक आदि समग्रमा मधेशी नै कहलाउँछन् । यो उर्वरक कृषिको ठूलो भूभाग इस्ट इण्डिया कम्पनीको सहयोगवापत विभिन्न कालखण्डमा प्राप्त गरेको इतिहास छ । यसमा वसोवास गर्नेलाई विजित क्षेत्रको नागरिक सरह व्यवहार गरेको शदियौं बितेर पनि यो व्यवहारत: नेपाली नागरिक बन्न सकेको छैन । भारतबाट प्राप्त भूखण्डको बासीलाई भारतीय भन्ने चलन परम्परागत हो । विभिन्न दर्शनको अभ्यास गरि लोकतन्त्रको शासन प्रणाली लागू भएको भनिएपनि मधेशीप्रतिको व्यवहार पहिलाभन्दा झन् चर्को अवस्थामा रहेको सबैले महसूस गर्ने कुरा हो ।

दुई फरक समुदायको कठोर भिन्नतालाई शासकहरूले आत्मसात नगरि २४४ वर्षदेखि भिन्नता कायम राखेकोले शदियौं अन्तरालमा अन्तर्विरोधहरू जन्मेर सशक्त हुँदै गए । अन्तर्विरोधका धेरै कारणहरू छन्, जसमा यी प्रमुख हुन्-(१) रंगभेद, (२) भौगोलिक विकटताका नपाटिने ठूला खाडल, (३) मधेशीलाई विदेशीको रूपमा हेर्ने दृष्टिकोण, (४) राज्यसत्तामा आफनो प्रभूत्वको अहंकार, (५) देशलाई आफनो मात्र बुझ्ने संस्कार र (६) विरासतको रक्षार्थ प्रयोग हुने गोर्खाली प्रवृति ।

दुई भिन्न समुदायबीच भिन्नताको सीमारेखा पहिले भावनात्मक रूपमा अस्पष्ट थियो भने अहिले मधेशलाई संकुचनमा राख्ने व्यवहारत: र कानूनन प्रष्टता प्रखर रूपमा देखिएका छन् । संविधानमा लेखिएका मौलिक हकलाई उपभोग गर्ने अवसरबाट बञ्चित राख्न कानूनका जटिल प्रक्रियाहरू बनाईएका छन् । प्रशासनिक संयन्त्र पूर्ण रूपमा शासकवर्गको पकडमा कैद रहेकोले संविधानको मौलिक हकको उपादेयता पाना मै सिमित रह्ने गरेको छ । जनतालाई राज्य सुविधा दिने नीति बनाएपनि उपलब्ध गराउने नीयत भने गलत छ । आफनै वर्गले ओगटेको हरेक क्षेत्रले यो सुविधाको भोग गरि रहेका छन् । नियतवश जटिल रूपमा राखिएको प्रक्रियाले जनतालाई यो र त्यो कारण देखाई सो हकबाट बञ्चित गराउँदा जनतालाई सन्तुष्ट पारेर नै पठाउने चलन बनाईएको छ ।

राज्यसत्तामा रहेका एकाधिकारका कारण मधेशको लागि यो चासोको विषय रहेन र राज्यसत्ता २४४ वर्षदेखि शासकवर्गको पकडबाट मुक्त हुन सकेन । विजित प्रदेशका नागरिकलाई काठमाण्डौ जान भीसा लिनु पर्ने प्रावधानले के संकेत गर्छ ? मधेशका विद्वतवर्गको अगाडि बढ्ने चासो र काठमाण्डौ छिर्ने शासकवगको प्रतिबन्धले उनमा चापलुसी, चाटुकारिताको बाटोलाई खोली दियो । उपाय पनि थिएन । मधेश तत्पश्चात् शनै: शनै: एक्का दुक्का बक्सीसको माध्यमबाट शासन प्रणालीमा उपस्थिति बढाउन थाल्यो । यो प्रवेश हकको आधार वा नीतिगत थिएन । नितान्त निर्विकल्प दासताको चरम रूप थियो । धनाढ्य परिवारका सदस्यहरू शसकहरूलाई खुशी पारेर अवसर लिने परम्पराको थालनी भयो मधेशमा । यसको अभ्यास शदियौंसम्म चलि रहँदा यो संस्कारको रूपमा मधेशमा स्थापित भयो । मधेशमा दासताको जरा गहिरो रूपमा गडिदै गई रहेको अभ्यासमा मधेशीलाई शासकवर्गले भरपूर उपयोग गऱ्यो । यो प्रयासमा संलग्न मधेशीलाई ठूलो मद्दत पनि भयो । शासकवर्गको विश्वास जितेर लाभान्वित हुने चरित्रको व्यापक विकास भयो ।

संसार परिवर्तन भई रहेको प्रभाव तथा मधेशमा शिक्षाको प्रभावले समाजलाई परिवर्तनतिर धकेलि पनि रहेको थियो । मधेशीको भाग्यमा राज्यविहीनताको अवस्था, दास, गुलाम बनाउने प्रवृति कहीं न कहीं मधेशलाई जागृत गरि रहेको थियो । राणा, राजाका विरूद्ध कम्युनिष्ट, र लोकतन्त्रको अभ्यासले पनि मधेशलाई जाँगरिला बनाई रहेको थियो । शासक र शासितबीचका अन्तर्विरोधबारेमा मधेशले पनि अध्ययन गरि रहेको थियो । शासक र शासितको चारित्रिक विशेषता, अन्तर्विरोधका प्रकार, राजनीतिमा रहेको कपटता, छलछाम आदिका प्रत्यक्ष साक्षात्कारबाट मधेश खारिदै आएपछि शासक र शासितको पहिचान गर्न सक्यो ।

कम्युनिष्ट र काँग्रेससंग पीढि बिताएर पनि मधेशको हक अधिकार कल्पनामै सिमित रह्न गएकोले मधेशले शासकको स्पष्ट पहिचान पायो । सत्ता प्राप्त गरेपछि कम्युनिष्ट र काँग्रेसले पनि राज्य परम्परालाई नै निरन्तरता दिएपछि मधेशलाई ठूलो धोखा भयो । राज्यसत्ता र मधेशबीचको सीमारेखा स्पष्ट हुन थाल्यो । मधेशलाई राज्यमा सहभागि नगराउने राज्यसत्ताको परम्परालाई लोकतन्त्रवादीहरूले पनि निरन्तरता दिएपछि छद्मवेशी परिवर्तनकारीहरूको पहिचान पाएर मधेश आफनै धरातलबाट हक अधिकार माग्न विद्रोह गरेको हो । राजनीतिक चेतनाबाट प्रभावित मधेशी, राज्यसत्तालाई चुनौती दिएपछि शासकवर्गमा खल्बली हुनु स्वाभाविक थियो । भावनामा सिमित रहेको मधेशको विभेद सतहमा स्पष्ट रूपमा आउन थाल्यो । मधेश विद्रोह पश्चात् देशको राजनीति नै मधेशको विरोधमा ध्रुवीकृत हुन थाल्यो । सबैलाई समेट्ने सर्वहारा चिन्तन र लोकतान्त्रिक समाजवादका हिमायतीहरू सबै एकमत भई मधेशलाई पछाडि धकेल्ने प्रयासमा लागे । १० वर्षको अथक प्रयास पछि मधेशलाई अन्तत: पछाडि धकेल्न सफल भयो ।

मधेश आफनो भूभागमा सम्पन्न छ । कृषिको ठूलो क्षेत्र, वनको अधिकाँश भाग, जलस्रोत, राजस्व, औद्योगिक प्रतिष्ठानहरू सबैको अधिकाँश भाग मधेशमा रहेकोले मधेशको सम्पन्नताले राज्यसत्ता संचालन गर्ने नेतृत्व क्षमता प्राप्त गरि सकेको छ । मधेशको सम्पन्नता नै राज्यसत्ताको अन्तर्विरोधको मुख्य कारण बनेको छ । शासकवर्ग निरंकूशताबाट कथित उदारतामा रूपान्तरण भएपनि मधेशको मामिलामा निरंकूशता भने कायमै छ । यही निरंकूशताले मधेशद्वारा स्थापित संविधान सभालाई अपेक्षित रूपमा अगाडि बढ्न नदिई आफनो पक्षमा परिभाषित गरे । समग्र मधेशको सर्वाङ्ग स्वरूप हात, खुट्टा, टाउको समेत काटेर बनाएको संघीय प्रदेशलाई मधेश नमानेर आन्दोलनमा उत्रेको छ । मधेशलाई अपाङ्ग बनाएर प्रस्तुत गर्नु उसको सबलतालाई कमजोर पार्ने मनसाय मात्र हो । मधेशको समग्र स्वरूपलाई आन्दोलनमा देखेर भयभीत बनेको राज्य उसलाई विभाजित स्वरूपमा नै हेर्न चाहेको छ । यही कारण हो अहिले सामर्थ्यविहीन बनाएर ८ जिल्लामा मात्र मधेशलाई थुनेको छ । समग्र मधेशको सबलता शासकवर्गको चुनौती भएकोले यसलाई साम, दाम, दण्ड, भेदद्वारा नियन्त्रित गर्नु सत्तापक्षको नैसर्गिक अधिकार रहेकोले प्रयोग गरेको हो । राज्यसत्ता साजिशपूर्ण ढंगले नै संचालन भएको हुन्छ । मधेश पछाडि पार्ने मुख्य रूपमा शासकवर्ग नै जिम्मेवार छन् भने मधेशका राजनीतिक अगुवाहरू बिल्कुल निर्दोष छैनन् ।

विगत मधेश आन्दोलनमा राज्यद्वारा गरिएको अमानवीय दमन वास्तवमा लोकतान्त्रिक कदम नभई मधेशप्रतिको शासकवर्गमा संग्रहित घृणा उजागर गर्ने प्रयास हो । आगामी दिनमा राज्य मधेश आन्दोलनमा योभन्दा पनि तल ओर्लेर दमन गर्न सक्छ भन्ने एउटा प्रदर्शन देखाएको हो । मधेशको विरूद्धमा जेजस्तो साजिश गरिएपनि आन्दोलनकारीमाथिको बर्बर दमन मधेशको राष्ट्रियतालाई दुई भागमा विभाजित पारि दिएको छ । सामानान्तर राष्ट्रियताको पारस्परिक संघर्षलाई हावा दिएर प्रखर बनाउने एमाले कम्मर नै कसेको देखिन्छ । आमने सामने दुई पक्षमा विभाजित दुई समुदायले विस्तारै असहिष्णु बन्दै जानु द्वन्द्वको विस्थापन कदापि मान्न सकिन्न । कालो गोरोको सीमा निर्धारण गरि आफनो एकाधिकारलाई मान्न बाध्य पार्नु बर्बर शासनको चरित्र हो । परिवर्तित परिवेशमा कानूनको जंगली शैलीको प्रयोग कसैलाई मान्य हुँदैन ।

एमालेको सरकार ढलि सकेको छ । तर पनि मधेशप्रतिको बिष वमन कम भएको छैन । देशको राजनीति तरलीकृत अवस्थामा रहेकोले कसैको पकडमा छैन । बिल्कुल अराजक अवस्थाको राजनीति देशमा विद्यमान रहेकोले विभिन्न खाले बन्ने समीकरणले यसलाई डोऱ्याउँदै अगाडि बढि रहेको छ । देशको राजनीतिमा पराश्रित मानसिकताको हाली मुहाली रहेकोले राजनीति झन् अस्थिर अवस्थामा पुगेको छ । मौलिकता र स्वाभिमानको कुरा गर्नेहरू नै पराश्रित मानसिकताबाट ग्रसित छन् । स्वाभिमानको कुरा मौलिकताको लागि नभएर उच्चस्तरको वार्गेनिङ्गको लागि प्रयोग भएको सबैले अनुभव गरेको कुरा हो । देशमा रहेको द्वन्द्वको व्यवस्थापनमा चासो देखाएका नेपाली काँग्रेस, माओवादी केन्द्रको प्रयास सतही भएपनि प्रयासमा अगाडि बढि रहँदा एमाले मधेशलाई दुर्व्यवहारको माध्यमले उठाउन खोज्नु अनुसन्धानात्मक विषय बनेको छ । पूर्ण रणनीतिक तरिकाबाट प्रेरित एमाले मधेशलाई अपमानजनक व्यवहार गरि मधेशलाई अलग्याएर राखेको छ, भिन्नताको खाडल बढ्दै जानु ठूलो विनाशको कारण बन्न सक्दछ ।

शासनसत्तामा यिनीहरूको प्रभूत्व देखिएपनि यसैलाई नै शाश्वत मान्न सकिन्न । शाहवंशीय परम्परामा हिंडेको देशले राजतन्त्रलाई समाप्त पारि सकेको अवस्था छ । कुनै प्रकारको निरंकूशतालाई स्वीकार गर्न नसक्ने नेपाली जनताको राजनीतिक चेतना लोकतन्त्रको नाममा शासकीय निरंकूशता र एकाधिकारलाई कदापि बर्दास्त गर्न सक्दैन । पालै पालो सत्ता आरोहण गर्ने तीनै दलहरूमा विकसित भइरहेको शासकीय प्रवृतिले देशको समस्यालाई ढाकछोप गरी राजनीतिलाई यथास्थितिमा राख्न खोज्नु कदापि जायज छैन । मधेशसंग जुहारी खोजेर विभाजित अवस्थामा राखेर सिंगो राष्ट्रियताको कुरा गर्नु पटमूर्खताबाहेक अरू केही हुन सक्दैन । मधेशलाई, मधेशको यथार्थतालाई राज्यले आत्मसात गर्नै पर्दछ । मधेश राज्यको सबल पक्ष हो । यसलाई काटेर फ्याँक्नु शासकवर्गको अदुर्दर्शिता, अलोकतान्त्रिक चरित्र हो । यसको अन्त नै समस्याको समाधान हो ।

(मधेश दर्पण फिचर सेवा)

# माधवप्रसाद स्मृति ग्रन्थ लोकार्पण

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ असोज ।**

पोखराको भलाममा स्थापित माधवप्रसाद पौडेल स्मृति प्रतिष्ठानले माधवप्रसाद पौडेलसँग सम्बन्धित स्मृति ग्रन्थको शनिबार एक समारोहका बिच लोर्कापण गरेको छ । ग्रन्थको माधवप्रसाद स्मृति भवन परिसरमा शिक्षाविद एवं स्व. माधवप्रसाद पौडेललाई ४ वर्षसम्म अध्यापन गरेका गुरु जोर्ज जोनले लोकार्पण गरेका थिए ।

कार्यक्रममा शिक्षाविद जोनले माधवप्रसाद पौडेल असल विद्यार्थी भएको स्मरण गरेका थिए । पृथ्वीनारायण क्याम्पसको स्थापनाकालीन भौतिक पूर्वाधार निर्माण र वातावरण संरक्षणमा भलामका विद्यार्थीहरु मध्ये माधवप्रसाद पौडेलले अग्रणी भूमिका खेलेको स्मरण गर्दै प्राध्यापक जोर्ज जोनले माधवप्रसाद पौडेल एक सरल र आदर्श विद्यार्थी रहेको र त्यस्ता विद्यार्थीको गुरु हुँदा आफूलाई गौरव महशुश हुने गरेको जानकारी गराएका थिए । आफूले अध्यापन गरुञ्जेल माधव कुन विचारधाराको विद्यार्थी हो भन्ने आफूले थाहा नपाएको उनले खुलासा गरेका थिए ।

कार्यक्रमका नेकपा एमालेका केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष सोमनाथ अधिकारी प्यासीले माधवप्रसाद पौडेलबाट आफूले बाटुलेचौरमा विद्यार्थी रहँदा धेरै कुरा सिकेको र उहाँका आदर्श गुणहरु, सादा जीवन उच्च विचार, राजनीति र समाजसेवालाई सँगै लैजाने धारणा, गीताको कर्मयोगलाई राजनीतिमा संयोजन गर्ने जस्ता विशेष कुराहरु माधव दाजुबाट सिक्ने प्रयास गरिरहेको बताएका थिए । राजनीतिक, सामाजिक, शैक्षिक, सांस्कृतिक, आध्यात्मिक लगायतका धेरै क्षेत्रमा माधव पौडेलबाट धेरै सिक्नुपर्ने कुरा रहेको र स्मृति ग्रन्थको प्रकाशन पछि अझ माधव दाइले गरेका योगदानको पछिका पुस्ताहरुले सिक्न सजिलो हुने बताएका थिए ।

प्रकाशित माधवप्रसाद पौडेल स्मृति ग्रन्थका तर्फबाट माधवप्रसाद पौडेल स्मृति प्रतिष्ठानका सचिव इश्वरीप्रसाद पौडेलले प्रकासकीय पढेर सुनाएका थिए भने सम्पादक मण्डलका तर्फबाट संयोजक वामदेव पौड्यालले माधवप्रसाद पौडेलको स्मृति ग्रन्थ तयार पार्दा आफू र आफ्नो समुहका छ जना सदस्य अहोरात्र लागिपरेको बारेमा जानकारी गराउँदै स्मृति ग्रन्थ आफूहरुको नभई स्मृति ग्रन्थमा लेख प्रदान गर्ने महानुभावहरुको रहेको र आफूहरुले विषयवस्तुको सहज संयोजन गरी बोध्य र पठनीय बनाउने इमान्दार प्रयास गर्दा सम्पादकको धारिलो कैंची नलाएको जानकारी गराएका थिए ।

माधवप्रसाद पौडेलको नाममा स्मृति गन्थ तयार पार्न आफूहरु तीन वर्षदेखि लागिपर्दा मात्र बल्ल कृति प्रकाशन गर्न सकिएको र यस उपलब्धिमा सबैको सहिभागिता रहेको हुँदा सबै लेखक रचनाकार धन्यवादका पात्र भएको प्रधान सम्पादक पौड्यालले बताएका थिए । प्रकाशित कृतिको समीक्षा गर्दै नेपाली विषयका प्राध्यापक रघुनाथ अधिकारीले कृति समीक्षा सजिलो नभएको र नगरी पनि नहुने भएकाले आफूले त्यही अनुसारको समीक्षा गर्न लागेको कुरा खुलस्त पारेका थिए ।

समीक्षक अधिकारीका अनुसार माधवप्रसाद पौडेल स्मृति ग्रन्थमा एक सय तेत्तीस बटा लेख रचना समावेश भएका र तीन जना बाहेक अन्य लेखकहरु नदोहोरिएको जानकारी गराउँदै राजनीतिक नेताहरु बाहेकका लेखमा माधवप्रसाद पौडेलको समाज बुझ्ने भन्दा सामाजिक परिवर्तन गर्ने, अध्यात्मवादलाई मार्क्सवादसँग मिलाएर लैजाने शैली, सादा जीवन उच्च विचार अवलम्वन गर्ने, गीता दर्शन व्यवहारिक रुपमा लागू गर्ने जस्ता उल्लेखनीय कुरा अवको पुस्ताले उहाँबाट सिक्न सक्ने कुरा स्मृति ग्रन्थले सबैको सामु उद्घाटन गरेको कुरा बताएका थिए ।

माधवप्रसाद पौडेललाई राजनीतिक भन्दा सामाजिक, शैक्षिक र आध्यात्मिक कोणबाट चर्चा गरिनु उपयुक्त रहेको समीक्षक अधिकारीको धारणा रहेको थियो । स्मृति ग्रन्थमा प्रकाशित केही रचनाहरु स्व. माधवप्रसाद पौडेलका जेष्ठ सुपुत्र एवं सम्पादक मण्डलका सदस्य जगतराज पोडेलले वाचन गरेर सुनाएका थिए । माधव स्मृति प्रतिष्ठानका सचिव इश्वरी पौडेलले सञ्चालन गरेको उक्त कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका अध्यक्ष रामजीप्रसाद पौडेलले गरेका थिए ।

# नेविसंघका ढकाल र अधिकारी भारत जाँदै

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ असोज ।**

भारतमा अध्ययनरत नेपाली विद्यार्थीहरुको सस्था डेमोक्र्याट स्टुडेन्ट युनियनको अधिवेशनमा भाग लिन नेविसंघका केन्द्रीय सदस्य भानुभक्त ढकाल र रामप्रसाद अधिकारी सोमबार भारत तर्फ लाग्ने भएका छन् । उनीहरु त्यहाँ रहँदा नेपाली विद्यार्थीको अवस्थाका वारेमा समेत जानकारी लिने छन् । अक्टोवर २८ अर्थात नेपाली समय अनुसार कात्तिक १२ गते भारतको वैंगलोरमा हुन लागेको अधिवेशनमा पोखराका ढकाल आतिथ्यताका लागि त्यहा जान लागेका हुन् । युनियनले त्यहा रहेका नेपाली विद्यार्थीहरुको हकहित र नेतृत्व विकासमा सहयोग गर्दै आएको छ । युनियनको नेतृत्व पनि कास्कीको लेखनाथ नगरपालिकाका आनन्द गौतमले लिएका छन् । भारतमा हजारौं नेपाली विद्यार्थीहरु अध्ययनरत छन् । अधिवेशनलाई कांग्रेस आईका युवा नेता रुद्रेश कुमार गाउडाले सम्वोधन गर्ने कार्यक्रम रहेको युनियनका संयोजक आनन्द गौतमले बताए। राष्ट्र निर्माणका लागि योग्यता र सक्षम नेतृत्व निर्माणका लागि आँफूहरु लागि परेको गौतमले वताए ।

# पोखरामा दण्डहिनता कम हुँदै गएको छ–बम

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ असोज ।**

सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी केन्द्र पोखरा-१ बगरले विजयादशमी, शुभ दीपावली, नेपाल संबत, छठ तथा इद पर्वको शुभकामना आदान-प्रदान गर्नुका साथै नागरिक सुरक्षा सम्बन्धमा नागरिक र प्रहरी बीच अन्तर्क्रिया कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा पश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालय प्रमुख कमल सिंह बमले नागरिकहरुको सहयोगले मात्रै प्रहरी आफ्नो लक्ष्यमा पुग्न सक्ने बताए । उनले पोखरामा दण्डहिनता कम हुदैं गएको र आपराधिक क्रियाकलापमा समेत कमी हुदैं गएको र यसको श्रेय आम नागरिकहरुलाई जाने स्पष्ट पारे ।

कार्यक्रममा २०७३ सालको उत्कृष्ट प्रहरी कार्यालय हुन सफल भएकोमा पश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालयका प्रमुख कमल सिहं बम लगायत सामुदायिक प्रहरी सेवा केन्द्र पोखरा-१ बगरका सदस्यहरु विभिन्न तहमा पदोन्नति एवं संस्थामा निर्वाचित भएको विष्णु बहादुर भट्टराई, चक्रपाणि सुवेदी, सीता अधिकारी, चित्र बहादुर थापा, प्राचार्य वेद प्रसाद कुस्ती, जगत घले, कल्पना बाँस्तोला, विष्णु गुरुङ, सुरेन्द्रमान, गोमा सुवेदी लगायतका व्यक्तिहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा सामुदायिक सेवा केन्द्र हेमजाका तर्दथ समिति अध्यक्ष शोभाकर तिम्सिना, टोल विकास समन्वय संस्थाका अध्यक्ष चन्द्र बहादुर गुरुङ, नागरिक मञ्च वडा नं १ का संयोजक, इन्द्रशोभा गुरुङ, राष्ट्रिय उच्च मा.विका प्राचार्य वेद प्रसाद कुस्ती, नागरिक मञ्चका अध्यक्ष रामबहादुर पौडेल, तिलक कोइराला लगायतले बोलेका थिए ।

# मस पल्स टु गण्डकीमा सेल्फ टयालेन्ट राउण्ड

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ असोज ।**

द नेस्क्ट इन्टरटेनमेन्ट एण्ड इभेन्टस् म्यानेजसमेन्टेका प्रस्तुति र डि. के फिल्मस काठमाडौंको सहकार्यमा हुने मिस पल्स टु गण्डकी सिजन दुई २०७३ को सेल्फ टयालेन्ट राउण्ड शनिवार सम्पन्न भएको छ । सेल्फ टयालेन्ट राउण्डमा ९ जना युवतीहरुले आफ्नो प्रस्तुति राखेका थिए । उनीहरु श्रावण र भदौ महिनामा भएका विभिन्न अडिसनहरु पार गर्दै ग्राण्ड फिनालीका लागि प्रतिस्पर्धामा उभिएका हुन् ।

सेल्फ टयालेन्ट राउण्डको निर्णायकहरुमा हास्य कलाकार शिशिर राना, पोखरा क्रियटिम हाउसका रामकृष्ण पौडेल र मिस आरडेन्ट २०१५ की विजेता अनुषा श्रेष्ठ रहेकी छन् । सहभागी प्रतियोगीहरुको कोरियोग्राफी ८ जना डिजाईर्नरहरुले गरेका थिए । मिस पल्स टु गण्डकी सिजन टु को ग्रेन्ड फिनाले यही कार्तिक ५ गते पोखरा सभागृहमा दिउँसो १ बजेदेखि हुने आयोजक संस्थाका यमनारायण श्रेष्ठले जानकारी दिए।

यम नारायण श्रेष्ठको अध्यक्षतामा संचालित कार्यक्रमको सञ्चालन कोरियोग्राफर विजय श्रेत्रीले गरेका थिए । मिस प्लस टु गण्डकी सिजन दुई २०७३ को उपाधि जित्न सफल विजेताले गोल्डेन क्राउनका साथमा नगद २५ हजार रुपैयाँ, साथमा अध्ययनरत कलेजको शिक्षण शुल्कमा सत प्रतिशत छुट, फस्ट रनर अफ हुन सफल विजेताले सिल्भर क्राउनका साथमा नगद २० हजार, दोस्रो रनर अफले सिल्भर क्राउनका साथमा नगद १५ हजार, त्यस्तै दशर्क च्वाईसमा ५ हजार पाउने द नेस्क्ट इन्टरटेनमेन्ट एण्ड इन्भेन्टस म्यानेजमेन्टका रोहन्सन प्रजुले ले जानकारी दिए ।

सोही अवसरमा ग्याल्म सिटीको प्रस्तुतीमा फेसन डिजाइनर कन्टेस्ट २०१६ हुने भएको छ । जुन पोखरामा नै व्यूटी प्याजेन्ट्समा पहिलो चोटी समावेश गरिन लागीएको हो ।

डिजाइनर अर्वाड्समा प्रथम हुनेले नगद २५ हजारका साथमा सर्टिफिकेट, दास्रो हुनेले नगद रु २० हजारका साथमा सर्टिफिकेट र तेस्रो स्थानमा आउने डिजाइनरले १५ हजार नगदका साथमा सर्टिफिकेट प्राप्त गर्ने ग्याल्म सिटी पोखराका डिजाइनर अमित बरालले जानकारी दिए।

# कास्कीमा यो वर्षको दशैं शान्तिपूर्ण

**पोखरा २९ असोज ।**

कास्कीमा यो बर्षको दशैं शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ । जिल्लाभर छिटफुट घटना बाहेक अन्य कुनै अप्रिय घटना नभएको कास्की प्रहरीले जनाएको छ । दशैंको फूलपातिको दिन कास्कीको ढिकुरपोखरी १ मा भिनाजु नाता पर्ने २४ बर्षीय ईश्वर विकले १० बर्षकी साली कञ्चन विकको बलात्कार पछि हत्या गरे । घटनामा संलग्न अभियुक्त अहिले कास्की प्रहरीको हिरासतमा छन् । त्यस्तै असोज १७ गते काठमाडौंबाट पोखरा हुँदै बुर्तिवाङ जादै गरेको ग १ ख ६१६९ नम्बरको बस याम्दी पुल नजिक दुर्घटना हुँदा दुई जनाको ज्यान गयो । २३ जना भन्दा बढी घाइते भए । असोज २१ गते पोखराको पुम्दी-भुम्दीमा ग१ख ६७९४ नम्बरको बस दुर्घटना हुँदा १२ भन्दा बढी घाइते भए । त्यस वाहेक जिल्लाभर अन्य कुनै अप्रिय घटना नभएको प्रहरी नायव उपरीक्षक गजुसिद्धी बज्राचार्यले जानकारी दिए ।

चाडपर्वको बेला अघिल्ला बर्षको जस्तो चोरी, लुटपाट तथा अन्य सार्वजनिक अपराधको घटनामा कमी आएको कास्की प्रहरीले जनाएको छ । दशैं, तिहार, छठ तथा ल्होसार लगायतका चाडपर्वलाई लक्षित गरी लागू गरिएको विशेष सुरक्षा योजना अन्तर्गत जिल्ला भर सुरक्षा व्यवस्था कडा पारिएकाले पनि अपराधिक घटनामा कमी आएको प्रहरीले जनाएको छ । चाडपर्व विशेष सुरक्षा योजना आगामी ठूला चाडपर्वसम्म जारी रहने र प्रहरी तैनाथी पनि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# ओम र मनास्लु बैंक गाभिँदै

**पोखरा २९ असोज ।**

पोखराको ओम डेभलपमेन्ट बैंक लि. र मनास्लु विकास बैंक लि. मर्जरमा जानको लागि सैद्धान्तिक सहमति गरेका छन् । मर्जरपछि बैंकको चुक्ता पुंजी १ अर्ब ३३ करोड, निक्षेप १३ अर्ब ९८ करोड, कर्जा १२ अर्ब ६१ करोड पुग्नेछ भने ३६ वटा शाखा हुने छन् । ओम डेभलपमेन्ट बैंक लि.को प्रधान कार्यालय पोखरा र मनास्लु विकास बैंक लि.को प्रधान कार्यालय गोर्खामा रहेको छ ।

मर्जर पछि बैंकको प्रधान कार्यालय पोखरामा रहनेछ । हालसालै ओमको सञ्चालक समितिले २९.२० प्रतिशत बोनश शेयर र मनास्लुको सञ्चालक समितिले बोनस र करसहित १८.९५ प्रतिशत लाभांश दिने निर्णय गरेको छ । नेपाल राष्ट्र बैंक र साधारण सभाले दुबै संस्थाको बोनश शेयर पारित भएपछि मर्जरपछि बैंकको चुक्ता पुंजी १ अर्ब ६८ करोड पुग्नेछ ।

सैद्धान्तिक सहमति अनुसार मर्जरपछि बैंकको नाम ओम डेभलपमेन्ट बैंक लि. रहनेछ । मर्जरपछि बैंकको अध्यक्षमा ओम डेभलपमेन्ट बैंक लि. अध्यक्ष सुशिल कुमार गोशली, प्रमुख कार्यकारी अधिकृतमा ओम डेभलपमेन्ट बैंक लि.का विश्वमोहन अधिकारी र नायव प्रमुख कार्यकारी अधिकृतमा ओम डेभलपमेन्ट बैंक लि.का बुद्धि मल्ल र सहायक महाप्रवन्धकमा मनास्लु विकास बैंक लि.का निमित्त महाप्रवन्धक दुर्गा राम पुरी रहनेछन् ।

# नेष्डोका कर्मचारीलाई तालिम

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ असोज ।**

नेष्डो नेपालमा कार्यरत कर्मचारीका लागि तीन दिने लघुवित्त व्यवस्थापन एवं नेतृत्व विकास तालिम पोखरामा शुरु भएको छ । संस्थाको ५० वटा शाखामा कार्यरत सहायक कर्मचारीको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी दोश्रो तहको जनशक्ति विकास गर्ने उद्देश्यले तालिम आयोजना गरिएको हो । तालिममा संस्थाको सवै शाखाबाट ५३ जना सहभागी छन् । तालिममा संस्थाका प्रशासन प्रमुख सावित्री खत्री क्षेत्री, लघु वित्त प्रमुख विश्ववन्धु प्रसाई, मानव विकास प्रमुख लक्ष्मी मेधासी, आलेप प्रमुख वद्री मिश्र, सूचना व्यवस्थापन प्रमुख युधिष्ठिर भुषालले विभिन्न विषयमा सहजीकरण गरेका छन् ।

तालिम शुभारम्भ कार्यक्रममा वोल्दै संस्थाका संस्थापक अध्यक्ष विश्वप्रकास प्रसाईले लघुवित्त क्षेत्रमा अवसरका साथै दर्जनौं चुनौतीहरु विद्यमान रहेको बताए । उनले कर्मचारीको दक्षतामा विकास हुनु जरुरी रहेको भन्दै तालिममा सिकेका कुरालाई व्यवहारमा लागू गर्न सके जीवन सहज ढङ्गले अघि बढ्ने विश्वास व्यक्त गरे । कार्यक्रममा संस्थाका प्रशासन प्रमुख सावित्री खत्री क्षेत्री, लघुवित्त प्रमुख विश्ववन्धु प्रसाई, सूचना व्यवस्थापन प्रमुख युधिष्ठिर भुषाल लगायतले बोलेका थिए ।

संस्थाका अध्यक्ष रत्न प्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा मानव संशाधन विकास प्रमुख लक्ष्मी कुमारी मेधासीले स्वागत सहायक प्रशासन अधिकृत ईन्द्र खत्री क्षेत्रीको प्रतिज्ञा रडियो सम्वृद्धका प्रमुख ओम्ना क्षेत्रीले कार्यक्रम संचालन गरेकी थिइन ।

# अमूल्य सहकारीको साधारणसभा

**पोखरा २९ असोज ।**

अमूल्य महिला विकास वचत तथा ऋृण सहकारी संस्थाको पाँचौ साधारणसभा शनिवार सम्पन्न भएको छ। कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि महिला तथा बालबालिका कार्यालय कास्की निरीक्षक शरद गुरुङले अन्य सहकारी संस्थाहरुको वचत तथा ऋृणको कार्यक्रम गरेता पनि यस सहकारीले महिलामुखी विभिन्न कार्यक्रम तथा महिला शशक्तिकरण र महिला उद्यमीका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरी अगाडि बढ्न सुझाव दिए । कार्यक्रममा लेखा समिति संयोजक दुर्गा बाँस्तोला, कोषाध्यक्ष उमा त्रिपाठी, सचिव गंगा त्रिपाठीको प्रतिवेदन सह-सचिव लक्ष्मी बाँस्तोलाले प्रस्तुत गरेको प्रतिवेदन उपर छलफल गरी सुझाव सहित पारित गरिएको छ। १ सय ८१ जना महिला शेयर सदस्य रहेको सहकारीको कार्यक्षेत्र पोखरा उप-महानगरपालिकाको वडा नं २७ र २९ रहेको छ । संस्थाकी अध्यक्ष कृष्ण कुमारी त्रिपाठीको अध्यक्षतामा सञ्चालित कार्यक्रममा लेखा परीक्षक कमलमणि त्रिपाठी, वडा नागरिक मञ्च संयोजक रमा त्रिपाठी, सामुदायिक अध्ययन केन्द्र अध्यक्ष विष्णु कुमारी श्रेष्ठ, जडिवुटी विकल्प सहकारी अध्यक्ष भोजकुमारी त्रिपाठी, सल्लाहकार ओमकुमारी बाँस्तोला र शेयर सदस्य गंगा थापा लगायतले बोलेका थिए । संस्था उपाध्यक्ष पार्वती बाँस्तोलाले स्वागत र संचालन सचिव गंगा त्रिपाठीले गरेकी थिइन ।

# बंगलादी सहकारीमा सुवेदी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ असोज ।**

पोखरा-६ स्थित बंगलादी बचत तथा ऋृण सहकारी संस्था लि. को नवौं साधारणसभा तथा तेस्रो अधिवेशनले पूर्णाखर सुवेदीलाई अध्यक्षमा चयन गरेको छ । समितिको उपाध्यक्षमा विष्णुमाया सुवेदी, सचिवमा तुलसी गौतम, कोषाध्यक्षमा विष्णु जि.सी.लाई चयन गरेको छ भने सदस्यहरुमा काशीराम सुवेदी, लक्ष्मी थापा, बलाराम दाहाल, मधु रानाभाट बोगटी र टीकाराम सुवेदी रहेका छन् । संस्थाको लेखा समितिका संयोजकमा प्रेम बहादुर कुँवरलाई चयन गरिएको बताइन्छ ।

सँस्थाका अध्यक्ष ओम भुजेलको सभापतित्वमा भएको कार्यक्रमको उद्घाटन गर्दै पोखरा-६ का टोल विकास संस्थाका संयोजक गिरिराज गिरीले बंगलादी सहकारीले छुट्टै पहिचान राख्न सकेको भन्दै पेशाको दोकानरुपी सहकारीलाइ सशक्त ढङ्गले संचालन गर्नुपर्नेमा जोड दिए ।

कार्यकममा शिवमणि सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष टेकनाथ अधिकारी, बंगलादी आमा समूहका अध्यक्ष विनिता बराल, शशी कार्की र प्रेम बहादुर कुँवरले बोलेका थिए ।

गोल्डेन न्यूज
राष्ट्रिय दैनिक
अनलाइनमा पढ्न र
सुनौलो एफ.एम.
१०२.२ मेगाहर्ज सुन्न
Log on :
www .goldennews .com .np

**जग्गा विक्रीमा**
पोखरा–५, मालेपाटन, स्टेप वाई स्टेप बोर्डिङ स्कूल नजिक २८ हात मोहडा ३६ हात पिछाड भएको जग्गा विक्रीमा छ।
सम्पर्क : ९८४६०७७६१९
९८४६७५६६६६

**जग्गा विक्रीमा**
पोखराको विरौटा नजिक होटल साग्रिलाको पछाडि १८ हाल मोहडा र ४० हात पिछाड भएको जग्गा विक्रीमा छ ।
सम्पर्क : ९८४६११४०३६
९८५६०३४८०१

**विदेश जानेहरूका लागि सुवर्ण अवसर**
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु–सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :- तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोनः०६१-५५०२५२, मो. ९८४६०४१४९२

**"रंगहरूको अन्तिम गन्तव्य"**
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान, वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

**खुशीको खबर !**
के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

**सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर**
Abudhabi को Spark Middle East Star Skill Force, UAE को DPS, कतारको Group-4
Diplomatic
तयारी कक्षा धमाधम
- DPS र PSBD का Objective Questions answer
सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि

**पोखरामा पहिलो पटक**
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनतिल।
❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
**पोखरा हर्वल होम्स**
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

**अनेक समस्या सफल उपचार**
ग्याष्ट्रिकः खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्याः- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
हामीकहाँ पियार एलोभेरा जुस पाइन्छ ।
**महिला सम्वन्धि समस्या**
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिवाट सफल उपचार ।
**जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने**
सुन्दरताः- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचारः- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
**शितल आयुर्वेद फर्मा**
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

# 'फुर्सेखोला–भुगे खोला छहरा' नयाँ गन्तव्य



गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

पोखरा उपमहानगरपालिका वडा नं. २४ मा पर्ने फुर्सेखोला युवा-युवतीका लागि नयाँ डेस्टिनेसन भएको छ । फुर्सेखोला र भुगे खोला छहरामा पौडी खेल्ने र फोटो खिचाउनेको ठूलो भिड् लाग्ने गरेको छ । माथिबाट निकै राम्रो सगँ खस्ने छहरा र तल कुन्ठमा पौडी खेल्ने र फोटो खिचाउने युवा-युवती निकैको यो ठाउँमा चहलचपल नै बढेको छ ।

'फेसबुकममा साथीहरुले छहरा सहितको फोटो राखेको देखे,' लेखनाथबाट फुर्सेखोला घुम्न आएकी रश्मी परियारले भनिन्- 'साथीहरुले निकै आकर्षक फोटो राखेको देखेपछि साथीसंग ठाउँ सोधेर आए ।' चार जना साथी सगै आएकी उनले त्यति ठूलो त रहेन छ तर पनि निकै राम्रो लागेको बताइन् । पोखरा-१७ छोरेपाटनबाट पोखरा २४ कृष्ती जाने बाटोमा पर्ने भुगे खोलामा मानै दैनिक १ सय भन्दा बढि युवा-युवती आउने गरेको छन् । छहराको नजिकै चट्पट्को व्यापार गर्दै आएका हरि प्रसाद पोखलले दैनिक १ सयदेखि १ सय ५० जनासम्म युवा-युवती आउने गरेको बताए । उनले केही माथि रहेको फुर्से खोलामा पनि त्यतिकै संख्यामा युवा-युवती आउने गरेको जानकारी दिए । उनले दशैंको भोली पल्ट करिब ४ सय जना आएको बताए । 'हुन यो भूगे खोला हो तर युवा-युवतीले दुबै ठाउँलाई फुर्से खोला नै भनेर चिन्ने गरेका छन्,' उनले भने- 'फुसेखोलामा अल्ली ठूलो छहरा र फराकिलो छ, भूगे सानो र सागु छ, तर युवा-युवती दुबै तिर जान्छन् ।' उनले फुर्सेखोला जान छोरेपाटनको नगरबस रोक्ने ठाउँबाट करिब एक किलोमिटर पर पर्दछ भने भुगे खोलामा पुग्न गुफा नजिकैको बाटो हुँदै कृष्ती जाने बाटोबाट करिब एक किलोमिटर पर जानु पर्ने बताए ।

उनले किरब तीन महिना पहिलोबाट युवा-युवतीको आउने गरेको बताए । 'विदाका दिन अझ बढि आउने गरेका छन्,' उनले भने, 'सामाजीक सञ्जालमा प्रचार भए पछि आउन थालेका हुन् ।' पानी सुक्दै गए पछि भने यो ठाउँमा युवा-युवती आउन बन्द हुने उनको भनाई छ । 'पहिलो आएको निकै रमाईलो भयो,' छहरामा रमाउन दोस्रो पटक आएकी पोखरा-१७ विरोटाकी अन्जना गुरुङले भनिन्-'अहिले त अन्य साथीलाई पनि लिएर आएकी छु ।' उनले आफूले मात्रै घुमेर नपुग्ने देखेपछि साथीहरुलाई पनि लिएर आएको बताइन् ।

# गोलमोल छ्याँङ्कन

पोखरा २९ असोज ।

पछिल्लो समयमा हाँस्यब्यङ्ग्य क्षेत्रले धेरै कलाकारहरुलाई भित्र्याइरहँदा रेडगोल्ड इन्टरटेनमेन्ट पोखराले पनि सबै नयाँ अनुहारसँगै आफ्नो नयाँ हाँस्यब्यङ्ग्य सर्ट–मुभी गोलमोलको छायाङ्कन कार्यलाई तीब्रता दिएको छ। राम बाँस्तोलाको निर्देशनमा तयार हुन लागेको सर्ट-मुभीमा मुख्यतः राम बाँस्तोलासँगै बिशाल सुनार, बज्र अधिकारी, सबिना थापा, सरिता शर्मा, रुपेश कार्की, प्रज्वल भित्रिकोटी, कृष्ण कार्की, नबिन ढुङ्गाना, सन्दिप रेग्मी, बिकास गौतम, साबित्री कोइराला, मन्जु दाहाल लागायत बीस बढि कलाकारहरुको अभिनय देख्न सकिन्छ । देशमा विद्यमान समस्या माथीको सोझो हाँस्यब्यङ्ग्य प्रहार गरिएको उक्त सर्ट-मुभी आफ्नो ब्यानरमा निर्माण गर्न पाउनु गौरवको बिषय भएको रेडगोल्ड इन्टरटेनमेन्टका सँस्थापक रोशन कोइरालाले बताए । यता नयाँ कलाकार सँगै काम गर्दाको अनुभव सुनाउँदै निर्देशक बाँस्तोला भन्छन्- नयाँ कलाकार सँग काम गर्दा गाह्रो भएपनि सुटिङ समयको त्यो रमाइलो पनले सबै दुःख बिर्सायो । बिभिन्न समस्या र चुनौतीका बाबजुद पनि कतै नडगमगाइकन काम गरिएको छ र म यति कुरामा ढुक्क छु कि हिजो काम थाल्दा खुट्टा तान्नेहरुले भोली यो सर्ट-मुभी हेरेर अवश्य ताली मार्ने छन् । कास्कीको सार्दिखोला चौरमा छायाङ्कन गरिएको उक्त सर्ट–मुभीको सम्पादन नबिन खत्रीले गरेका छन् ।

# संजोगले जन्मदिन बालबालिकासंग मनाए

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

पोखराका सञ्चारकर्मी संजोग बस्यालले आफ्नो जन्मदिन फरक ढङ्गले मनाएका छन्। विग एफएममा कार्यरत बस्यालले श्रमिक बालबालिकाहरुलाई स्टेशनरी सामग्रि वितरण गरी जन्मदिन मनाएका हुन्। आफ्नो हरेक जन्मदिन फरक ढङ्गले मनाउँदै आएका बस्यालले यसपटकको जन्मदिन श्रमिक बालबालिकाको सम्पर्क केन्द्र पोखरा महेन्द्रपुलका २० जना बालबालिकालाई कापी, कलम, इरेजर, पेन्सिल लगायतका शैक्षिक सामग्री वितरण गरि मनाएका हुन् ।

'जन्मदिनमा विभिन्न तरिकाले खर्च गर्ने चलन हुन्छ । तर मैले परोपकारी जन्मदिन मनाउने योजना बनाएँ ।' विग एफएमका कार्यक्रम संयोजक समेत रहेका बस्यालले भने- 'त्यसैले मैले श्रमिक बालबालिकाहरुलाई थोरै भएपनि खुशि बनाउन उनीहरुलाई शैक्षिक सामग्री बाँडेको हुँ ।' श्रमिक बालबालिकाहरुसँगै जन्मदिन मनाउने क्रममा उनले आगामी दिनमा पनि उनीहरुको क्षेत्रमा काम गर्न आफू तत्पर रहेको बताए ।

अर्काको घरमा काम गरेर बाल्यकालमै दुःखका साथ जीवन गुजारा गर्न बाध्य बालबालिकाहरु



सम्पर्क कार्यालयका कर्मचारीले बस्याललाई जन्मदिनको शुभकामना दिएका थिए । 'बिग एफएमले हाम्रा हरेक गतिविधिलाई नियाल्दै एउटा संवाहकको भूमिका खेलेको छ ।' बालश्रम न्यूनीकरण कार्यक्रमका परियोजना संयोजक भक्तराज रसाईलीले भने- 'बिग एफएमकर्मी बस्यालको जन्मदिनमा हामीसँग रहेका बालबालिकाले पनि यो खुशी सँगै साट्ने मौका पाए । हामीलाई अत्यन्तै खुशी लागेको छ ।' शैक्षिक सामग्रि वितरण कार्यक्रममा बोल्दै केन्द्र प्रमुख दिपा आचार्यले श्रमिक बालबालिकाहरुका लागि बस्यालको यो सहयोग निकै ठूलो हुने बताईन् । पोखरा श्रमिक बालबालिकाहरुका लागि यस्ता नौ वटा केन्द्र खोलिएका छन् । यी केन्द्रहरुमार्फत् श्रमिक बालबालिकाहरुले व्यक्तित्व विकासका साथै अनौपचारिक शिक्षा आर्जन गर्नसक्छन् ।

अहिलेसम्म पोखरामा रहेका यी केन्द्रहरुमार्फत् करिब ७ हजार श्रमिक बालबालिकाले अनौपचारिक शिक्षा र सिपमूलक तालिम प्राप्त गरिसकेका छन् ।

केन्द्रले अति विपन्न परिवारका बालबालिकालाई निःशुल्क पठनपाठन र अभिभावकहरुका लागि सिपमूलक तालिम तथा आयआर्जनका लागि रकम समेत लगानी गर्ने गरेको छ ।

# सामुदायिक महिला विकासको भवन उद्घाटन

पोखरा २९ असोज ।

सामुदायिक महिला विकास समिति, घाटीपाटन पोखरा-१६, लामाचौरले आफ्नो २३ औं वार्षिक साधारण सभा, सम्मान कार्यक्रम तथा नवनिर्मित महिला सशक्तिकरण भवन उद्घाटन कार्यक्रम सम्पन्न भयो। उक्त भवन सार्वजनिक जग्गामा निर्माण गरिएको भन्दै यसअघि तीव्र विरोध भएको थियो । संस्थाकी अध्यक्ष मीना थापाको अध्यक्षता र सांसद कुमार खड्काको प्रमुख आतिथ्य एवम् सांसदहरू शारदा पौडेल र चूडामणि जंगलीको विशेष आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा संस्थापक सल्लाहकार मोहन थापा 'संयोजन' र भवन निर्माण समितिकी संयोजक एवम् पूर्व अध्यक्ष राधा थापाले स्थापनाकाल देखि हालसम्म महिला सशक्तीकरण र टोल समाजको सुधार एवं विकासमा संस्थाले खेलेको भूमिका माथि प्रकाश पार्दै सामुदायिक भवन निर्माणका लागि निर्वाह गरेको संघर्षपूर्ण सहयोगका लागि समुदायका सबै व्यक्तित्वहरू प्रति आभार प्रकट गरे। भवनको अवलोकन पश्चात् सांसद कुमार खड्काले यस क्षेत्रको विकास र समुन्नतिका लागि दलगत संकिर्णता भन्दा माथि उठेर सबै सांसदहरूले सम्पूर्ण सहयोग गर्ने बताउँदै संस्थासँग आवद्ध दिदीबहिनीहरूको कार्य क्षमता र समाजसेवाको क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गरे ।

सांसद शारदा पौडेलले संस्थाको भवन निर्माणका लागि टोलबासीहरूले एकताबद्ध भएर अथक संघर्ष गरेकोमा खुशी व्यक्त गर्दै विकास, निर्माण र महिला सशक्तिकरणका लागि निरन्तर सहयोग गर्ने बताइन भने सांसद चूडामणि जंगलीले विकास र समृद्धिका लागि मातृशक्तिको महत्व माथि प्रकाश पार्दै एकतापूर्ण कार्यको प्रशंसा गरेका थिए।

कार्यक्रममा समाजसेवामा पुऱ्याएको योगदानको लागि राधा थापा, दिनेश थापा, रीता थापा, रुपेश थापा र कृष्णा थापालाई तथा यस टोलबाट एस.एल.सी. परीक्षामा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने सङ्कल्प थापा र अस्मिता थापा पराजुलीलाई सम्मान अर्पण गरियो । विविध सांस्कृतिक प्रस्तुतिका साथ संस्थाकी उपाध्यक्ष पदमकुमारी अधिकारीको सञ्चालनमा सम्पन्न कार्यक्रममा सचिव मञ्जु थापाले वार्षिक प्रगति विवरण र कोषाध्यक्ष देवी थापाले आर्थिक प्रतिवेदन पेश गरेकी थिइन ।

# एएस रियल स्टेट एण्ड हाउजिङ चितवनमा पनि

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

पोखरामा १५ वर्षदेखि घर जग्गाको कारोबार गर्दै आएको ए.एस रियल स्टेट एण्ड हाउजिङ कम्पनीले चितवनमा शाखा सञ्चालनमा ल्याएको छ । ए.एस रियल स्टेट एण्ड हाउजिङ कम्पनीले दोस्रो शाखा भरतपुर मालपोत चोकमा आइतबारदेखि सञ्चालनमा ल्याएको हो ।

शाखाको प्रभु हाउजिङ प्रालिका अध्यक्ष तेजबहादुर कार्की 'केशव'ले शाखाको उद्घाटन गरे । २०७१ सालदेखि घरजग्गामा काम गर्दै आएको ए.एस रियल स्टेटले पोखराको चाउथे, लेखनाथ, न्यूरोड लगायतका क्षेत्रमा घरजग्गाको कारोबार गर्दै आएको भए पनि पछिल्लो समय चितवनमा समेत काम सुरु गरेको छ ।

ए.एस रियल स्टेट एण्ड हाउजिङ कम्पनीका अध्यक्ष हरिहर सापकोटाले व्यवस्थित शहर निर्माण गर्न चितवनमा घरजग्गाको व्यवसाय विस्तार गरेको भन्दै उनले सानो तथा ठूलो पूँजी हुने सबैलाई लक्षित गरि हाउजिङ योजनाहरु



अगाडि बढाएको बताए।

चितवनमा तोरीखेत, मंगलपुर, फूलबारी, पटीहानी, चोकबजार, टाँडी लगायतका क्षेत्रमा जग्गा प्लटिङ गर्न लागिएको उनले जानकारी दिए। कम्पनीका अध्यक्ष तेजबहादुर कार्की 'केशव' ले चितवनलाई व्यवस्थित शहरका रुपमा विकास गर्न अस्वस्थ प्रतिस्पर्धा हटाइनुपर्ने बताए । उनले रियल स्टेट कम्पनीहरुबीचको सहकार्यले दीर्घकालिन रुपमा व्यवस्थित शहर विकास गर्न सकिने बताए । ए.एस रियल स्टेट एण्ड हाउजिङ कम्पनीका चितवन शाखा सञ्चालक बसन्त सापकोटाले चितवनमा घरजग्गाको कारोबारको अध्ययन गरेरै व्यवसाय विस्तार गरिएको बताए ।

व्यवसायी नरेन्द्र सिग्देलले व्यवस्थित शहर बनाउन हाउजिङ कम्पनीहरुले सघाउने बताए। ए.एस रियल स्टेटले वातावरणमैत्री घर निर्माण गरि सस्तो मूल्यमा ग्राहकलाई उपलब्ध गराउने लक्ष्य लिएको छ । चितवनमा एक दर्जन बढी हाउजिङ कम्पनीहरुले हाल काम गर्दै आएका छन् ।

# शुभकामना आदान-प्रदान

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

विजया दशमी, शुभ दिपावली, छठ तथा नेपाल संवतको अवसरमा नेकपा एमाले कालिका गाउँ कमिटी कास्कीले कालिका गाविसमा शुभकामना आदान-प्रदान तथा चियापान कार्यक्रमको आयोजना गऱ्यो। शुभकामना आदान-प्रदान कार्यक्रममा सहभागि विभिन्न राजनीतिक दलका नेता तथा प्रतिनिधि, विभिन्न संघ संगठनका प्रतिनिधि, स्थानीयवासी, समाज सेवीहरुले शुभकामना साटासाट गरे। कार्यक्रममा शुभकामना आदान-प्रदान गर्दै नेकपा एमालेका वैकल्पिक केन्द्रीय सदस्य मान वहादुर जिसिले विजया दशमीले सम्पुर्ण राजनीनिक दलका नेता तथा कार्यकर्तामा संविधानको कार्यान्वयनका लागि अग्रसरता मिलोस भनि शुभकामना व्यक्त गरे । एमाले जिल्ला सचिवालय सदस्य एवं कार्यालय सचिव वैनबहादुर क्षत्रीले कालिकाको समग्र विकासमा सवै राजनीतिक पार्टीलाई एक ढिक्का बनाएर एमाले अघि बढ्ने बताए । एमाले जिल्ला निर्वाचन आयोगका टिकाराम पंगेनीले कालीकावासी गाउँपालिकामा नै वस्ने वा नगरमा वस्ने भन्ने कुरा स्वयं कालिकावासीमा नै निर्भर रहने बताए । एमाले कालिका गाउँ कमिटीका अध्यक्ष निर्मल दियाली सुनारको अध्यक्षतामा भएको कार्यक्रममा युवासंघका केन्द्रीय सदस्य दर्शन लामा, युवासंघका जिल्ला अध्यक्ष विष्णु पुन लगायतले शुभकामना ब्यक्त गरे ।

# पोखरा सफाई अभियानको १९ र २०औं श्रृङ्खला

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

पोखरामा जारी बृहत सफाई अभियानको १९ र २०औं श्रृंखला उत्साहपूर्वक सम्पन्न भएको छ । १८औं हप्ताको फिर्के-बुलौंदीखोला बृहत सफाई अभियामन ड्यामसाईड स्थित फेवाताल किनारमा सम्पन्न भए लगत्तै पोखराका २९ वटै वडादेखि लेखनाथसम्म सफाई कार्यक्रमलाई निरन्तरता दिनका लागि १९ औं हप्ताबाट पोखरा उपत्यका बृहत् सफाई अभियानमा रुपान्तरण गर्ने महत्वपूर्ण निर्णय भएको नागरिक समाज पोखराका संयोजक रामबहादुर पौडेलले जानकारी दिए ।

१९औं हप्ताको सफाई अभियान पोखराको वडा नं. १ स्थित सांस्कृतिक सम्पदाको रुपमा परिचित गाइघाटबाट सुरुगरी झण्डै ४ टन फोहोर मैला संकलन गरिएको सामाजिक अभियन्ता एवं टोल विकास संस्था वडा समन्वय समिति पोखरा-१ का अध्यक्ष चन्द्र बहादुर गुरुङले बताए । सांसद शारदा पौडेलको विशेष उपस्थितिमा पोखरा उपमहानगरपालिका कार्यालयका नवआगन्तुक कार्यकारी अधिकृत नवराज ढुंगानाले फोहोरमैला उठाएर कार्यक्रमको आरम्भ गरेका थिए । सफाई कार्यक्रममा वडा भित्रका आमा समूह टोल विकास संस्था वडा नागरिक मञ्च, सुखवती बौद्ध गुम्बा लगायतका विभिन्न संघ-संस्था र सामाजिक अभियान्ताहरुले ऐक्यबद्धता जनाएका थिए । कार्यक्रममा मुक्तिनाथ विकास बैंकका तर्फबाट १५ सय डिस्पोजल ग्लोब र सुखवती बौद्ध गुम्बाले सहभागिहरुलाई चियापानको व्यवस्था गरेका थिए । त्यसैगरी २० औं हप्ताको सफाई अभियान वडा नं. १ स्थित हरिचोकदेखि बागबजार चोक, ट्याक्सी चोक, भिमकाली पाटन हुँदै टुँडिलमा पुगेर समापन भएको थियो ।

सफाई अभियानमा झण्डै ७ टन फोहोर संकलन गर्दै वडावासीहरुलाई सार्वजनिक स्थलमा फोहोरमैला नफाल्न अनुरोध गरिएको नमूना आमा समूहका अध्यक्ष कल्पना बाँस्तोलाले जानकारी दिइन् ।

# शान्तिघाट विकास समितिको अध्यक्षमा श्रेष्ठ

गोल्डेन न्यूज संवाददाता
पोखरा २९ असोज ।

शान्तिघाट विकास समितिको १२औं साधारणसभा तथा चौथो अधिवेशनले पुनः भक्तराज श्रेष्ठको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति चयन भएको छ । समितिको वरिष्ठ उपाध्यक्षमा शिबबहादुर कार्की, प्रथम उपाध्यक्षमा भिमबहादुर पौडेल, द्वितीय उपाध्यक्षमा नारायणप्रसाद सुवेदी, सचिवमा उत्तम जोशी, सह-सचिवमा जनकलाल श्रेष्ठ, कोषाध्यक्षमा विष्णुप्रसाद वराल, सहकोषाध्यक्षमा दुर्गा अधिकारी सर्वसम्मत चयन भएका छन् ।

समितिको सदस्यहरुमा दुर्गाप्रसाद कोईराला, हरिप्रसाद फुयाँल, शालिकराम पोखरेल, विष्णुबहादुर भट्टराई, विजयालक्ष्मी आचार्य, पवित्रा गिरी, निरु रानाभाट, शरण लिगल, गणेशबहादुर केसी चयन भएका छन्।

त्यसै गरि सल्लाहकारमा विश्वप्रकाश लामिछाने, पिताम्बर नेपाली, रामप्रसाद वतास, गणेश बहादुर गुरुङ, डा. दिलबहादुर क्षेत्री, हेरम्बप्रसाद कोईराला, पदमबहादुर थापा, कृष्णबहादुर कुँवर, शारदा सुवेदी, मंगल माकाजु, प्रविधिक सल्लाहकारमा युवराज श्रेष्ठ र आर्थिक सल्लाहाकारमा ईश्वरीप्रसाद सुवेदी चयन भएका छन् ।

कार्यक्रमको प्रमुख अतिथि समाजसेवी रामप्रसाद बतासले उद्घाटन गर्दै शान्तिघाट क्षेत्रको समग्र विकासका लागि निरन्तर सहयोग गर्ने बताएका थिए । उनले तत्काल निर्माणाधिन बहुउद्देश्यीय शान्ति आश्रमको लागि पाँच लाख सहयोग गर्ने बताए ।

सो अबसरमा उपत्यका नगर बिकास समितिका पूर्व अध्यक्ष विश्वप्रकास लामिछाने, कानूनी सल्लाहकार युवराज श्रेष्ठ, पृथ्वीनारायण क्याम्पसका पूर्व प्रमुख डा. दिलबहादुर क्षेत्री, महिला समन्वय समितिकी अध्यक्ष दिलमाया गुरुङ लगायतले बोलेका थिए । समितिका अध्यक्ष भक्तराज श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव नारायण सुबेदीले स्वागत बरिष्ठ उपाध्यक्ष शिबबहादुर कार्कीले गरेका थिए ।


विजयादशमी तथा शुभ-दीपावली-२०७३ को मंगलमय शुभकामना

हंसपुर मोवाइल क्लिनिकमा एण्ड इलोक्ट्रोनिक सर्भिस सेन्टर चिप्लेढुंगा, पोखरामा

मोवाइल खरिदमा ५ देखि ३५% सम्म र इलोक्ट्रोनिक सामान खरिदमा ५ देखि ३५% सम्म छुट !!!

सम्पर्क फोन : ०६१-५३५६७९

Study in Japan
Czech Republic
USA, Australia, Norway

❖100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in JAPAN.
❖SLC passed can apply.
❖Almost all intake czech Republic.
❖Free Education in Norway & Finland.
❖Help to make all kind of documentation for any Countries.

April Intake

Now Running IELTS, JLPT Classess

ROMAN EMPIRE
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp.Rupakot Complex)
Tel.:061-531538, 9846449344, 9803652132

पाइल्स, फिस्टुला, फिसर तथा पट सम्वान्धि विशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरामा

धनवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवम् पाइल्स, फिस्टुला, फिसर तथा पेट सम्बन्धि डा. राजिव घिमिरे पोखरामा यही मिति कार्तिक ५ गते बिहीबार आउन लाग्नुभएकोमा स्वास्थ्य परिक्षण गरि सेवाको लाभ लिनुहोस्

हाम्रो सेवाहरू:
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पिप निस्कने, पोल्ने कब्जियत हुँदा दुखाई बढि हुने ।
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने दुख्ने एवम् दिशामा रगत देखिने ।
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, वाकवाकी हुने, पेट दुख्ने ।
अन्यरोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, बाथ, सुगर, पिनास, हाइड्रोएिल आदि ।
नोट : पाइल्स फिस्टुला, फिसर रोगको क्षारसुत्र विधीद्वारा विना अपरेसन गरिन्छ ।

विरामी जाँच्ने समय : विहान ९ बजेदेखि ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail .com, Website: www .goldennews .com .np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा